CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन

भाग–१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीतुलजा भवानी

रक्ताभामरुणां शुभाम्बरधरामानन्दपूर्णाननां ।
मुक्ताहारविभूषणां कुचभराक्रान्तां सुकाञ्चीगुणाम् ।।
देवीं दिव्यरसान्नपूर्णकलशामम्भोजदर्वीकरां ।
ध्यायेच्छङ्करवल्लभां त्रिनयनामभ्रालकां सुन्दरीम् ।।
(श्रीभवानीकल्पोक्तं ध्यानं श्रीतत्वनिधौ २२ पृष्ठे उद्धृतम्)

श्रीभृङ्गारेश्वर

ॐ नमः श्रीभृङ्गेश्वराय ।।
भृङ्गायन्ते यस्य पदारविन्दे
देवा दैत्याः किन्नरा यक्षनागाः ।
देवाधीशं भूतिदं भूतिनाथं
वन्देऽहं श्रीभीमभृङ्गेश्वरन्तम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. No
6298

नेपालायन

भाग—१

मन्तव्य
डा. कमलप्रकाश मल्ल

डा. जगदीश चन्द्र रेग्मी

प्रकाशक
अफिस अफ नेपाल एण्टीक्वेरी
२०/४०१ नक्साल
काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* नेपालायन– भा-१

* प्रकाशक– अफिस अफ नेपाल एण्टीक्वेरी
२०/४०१ नक्साल

* संस्करण– पहिलो २०३४ फाल्गुन

मूल्य रू. ५।-

* सर्वाधिकार सुरक्षित

मुद्रक
श्री पुण्यबहादुर श्रेष्ठ
सेवक प्रिन्टिङ्ग प्रेस
ढोकाटोल, काठमाडौं
फो. नं. १४-६५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

नेपालको इतिहास, सस्कृति र भाषाका क्षेत्रमा खोज र चिन्तन गर्ने संलग्न वरिष्ठ विद्वान्हरूमा डा० जगदीशचन्द्र रेग्मीलाई नचिन्ने कमै होलान् । नेपालको प्राचीन इतिहास र संस्कृतिमा उहाँको गहन अध्ययन र खोजको परिचय उहाँका प्रकाशित ग्रन्थहरू– **लिच्छवी संस्कृति र नेपालको धार्मिक इतिहासले** दिन्छन् भने **शाहकालीन नेपाली कला वास्तुकला र नेपाली अध्ययनले** उहाँको अभिरुचि र खोजको क्षेत्र कति फराकिलो छ भन्ने स्पष्ट्याउँछन् ।

पत्र–पत्रिकामा पहिले पहिले डा० रेग्मीको फुटकर रचना पढ्न पाएको थिएँ र उहाँको एकाध रचना पढी सके पछि उहांका लेखहरू खोजी खोजी पढ्न करै लाग्यो । उसैवेला देखिनै म उहांको एक तल्लीन पाठक र प्रशंसक वनेको छु ।

डा० रेग्मीको विविध लेखहरूको संग्रह **नेपालायन** शीर्षकमा प्रकाशित भएको छ । यस संग्रहको विषय वस्तुको विविधताले लेखकको वैयक्तिक अभिरुचि क्षेत्रको व्यापकताको परिचायक बनेको छ । विषयक्षेत्र व्यापक देखिए तापनि डा० रेग्मीज्यूले एक शौकिन आगन्तुकको रूपमा यी विषयहरूको चर्चा गनु भएको छैन । अपितु लेखै पिच्छे डा० रेग्मीज्यू यी विषयक्षेत्रसंग चिर परिचित अन्वेषकको रूपमा देखिनु भएको छ । भविष्यमा यी विविध विषयक्षेत्रमा डा० रेग्मीज्यूले यी लेखहरू भन्दा गहन र विस्तृत कृतिहरूको देन दिनु हुने छ भन्ने आशा राख्दछु ।

त्रिभुवन विश्वविद्यालय **कमलप्रकाश मल्ल**
त्रिपुरेश्वर
माघे संक्रान्ती २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञताका चार शब्द

समाजपुरुष

समाजपुरुषसँग परिचित हुनाको लागि विभिन्न शास्त्रको विवेचन भएको हामीकहाँ पाइन्छ। सामाजिक शास्त्रहरू (तथा 'विज्ञान' पनि) को पनि यही उद्देश्य रहेको छ। अंगरूप हामीले अंगीरूप समाजपुरुषसँग परिचित हुन खोज्ने काम आफूले आफैंलाई चिन्ने प्रक्रिया पनि हो। 'इतिहास' यस्तै एउटा सामाजिक शास्त्र हो जस्तो लाग्दछ।

नेपालमा इतिहास विषयको अध्ययन र मननको लामो परम्परा छ र त्यो परिप्रेक्ष्यमा अहिले पनि यहाँ सो विषयको क्षेत्रमा काम भइनै रहेछ। विभिन्न संस्थाहरू यसै कामको उद्देश्य लिएर खडा गरिएका छन्। विभिन्न स्तरका इतिहासकारहरू पनि सो काममा संलग्न रहेका देखिन्छन्। यो सन्तोषको विषय हो। तर आज संसारभरि बौद्धिकताको क्षेत्रमा जुन गति आएको देखिन्छ सोको आंशिक प्रभाव पनि हामीमा आइपुगेको नहुनु एउटा समस्या भएर उभिएर रहेको छ। बौद्धिकताको सुनौलो परम्परा भएका हामी नेपालीको लागि यो वर्तमान यथार्थले हामीलाई गिज्याइरहेजस्तो लाग्दछ। विद्वद्वर्गबाट यस किसिमको अभावको पूर्त्ति हुँदै जाने छ भन्ने विश्वास लिन सकिन्छ।

नेपालको इतिहास र संस्कृतिको पहिचान गर्ने प्रयत्नका परिणामस्वरूप यो सानो किताब प्रबुद्ध पाठकवर्गसामु प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ । व्यक्तिगत प्रयास हुँदा आफूसँग रहेका सम्बद्ध विषयका अन्य सामग्री धक फुकाएर यसमा दिन पाइएको छैन तैपनि केही सामग्री प्रस्तुत गरिएको छ । सामग्रीको प्रस्तुतीकरणमा पाठकवर्गको विविध रुचिको ख्याल पनि राख्ने प्रयत्न गरिएको छ ।

प्रस्तुत पुस्तकको लागि आफ्नो मन्तव्य दिनु भएकोमा डा. कमलप्रकाश मल्लज्यूप्रति आफ्नो कृतज्ञता व्यक्त गर्न कर लागेको छ । उहाँ श्रीमल्लज्यू जस्ता विद्वान् व्यक्तित्वबाट शुभकामना पाउनु प्रस्तुत हरपका लेखकको लागि सौभाग्य हुन आएको छ । श्रीमल्लज्यू नेपालका विशिष्ट विद्वान्हरूमध्ये एकको रूपमा प्रतिष्ठित हुनु भएको मात्र होइन विद्याका विविध क्षेत्रहरूमा संलग्न व्यक्तिहरूप्रति ज्यादै आत्मीय र हार्दिक व्यवहार गर्नु हुने सहृदय व्यक्तित्वको रूपमा पनि उहाँ माननीय हुनु भएको छ । उहाँको यो वैशिष्ट्यपूर्ण व्यक्तित्वले नेपालमा विद्वत्ताको क्षेत्रमा ठूलो प्रभाव पार्न सक्ने विश्वास गर्न सकिन्छ ।

आफ्ना अध्ययन सम्बन्धी प्रयासहरूमा सधैं प्रेरणा दिइरहने ज्येष्ठ अग्रज श्रीसतीशचन्द्र रेग्मीमा आफ्नो हार्दिक कृतज्ञता पनि यहाँ ज्ञापित गर्न चाहन्छु । साथै मित्रहरू श्रीविनोदकुमार देवकोटा र श्रीरामकाजी पौंजुमा उहाँहरूको सहयोगका लागि धन्यवाद टक्र्याउँछु । प्रूफ हेर्ने काममा केही सहयोग गरिदिने भतिजा श्रीध्रुवेशचन्द्र रेग्मीलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । सेवक प्रिन्टिङ्ग प्रेसका श्रीपुण्यवहादुर दाई र उहाँका सहयोगीहरूमा पनि धन्यवाद– अर्पण गर्दै अलमिति ।

जगदीशचन्द्र रेग्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन, भाग-१

विषय सूची

❋ मन्तव्य— डा. कमलप्रकाश मल्ल

❋ लेखकीय वक्तव्य

खण्ड–१

१. तामाङ — १–४

२. सुनुवार — ५–७

३. पूर्व नेपालको संस्कृतिका झिल्का — ८–१

खण्ड–२

स्वयम्भू स्तूप — १४–२५

खण्ड–३

१. शहीद साहित्यकार शुक्रराज शास्त्री — २५–२६

२. शङ्कर कोइरालाका उपन्यास — २६–२८

३. पुरानो नेपाली — २८–२९

४. नेवारी भाषा — २९–३३

खण्ड–४

सिम्रौनगढको संक्षिप्त इतिहास — ३४–४२

खण्ड–५

वर्तमान इतिहासका केही पृष्ठ — ४३–६२

खण्ड–६

मध्य र मल्लकालीन संस्कृत पद्य — ६३–७९

खण्ड–७

भक्तपुर, पनौती र खोपासी — ८०–८९

खण्ड–८

तुलनात्मक नेपाल — ९०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन

खण्ड–१

तामाङ

तामाङहरूको मूल थलो काठमाडौं उपत्यका र वरिपरिको क्षेत्र मानिन्छ तर हाल यिनीहरू पूर्वी नेपालका विभिन्न क्षेत्रमा पनि बसोवास गरेका छन् । यिनको र गुरुङको आकार र संस्कृतिमा निकै साम्य रहेको तथ्य विद्वान्हरूले सकारेका छन् । तामाङहरू दक्षिणी तिब्बतको उइछङ (Uichang) भेकबाट यता आएको मानिन्छ ।

जातीय चरित्रमा तामाङहरू मुख्यतः दुई वर्गमा विभाजित छन्– बाऱ्ह जात र अठाऱ्ह जात । समयको प्रभावले यस्तो वर्गभेद क्रमशः लोप हुँदैछ तैपनि सामाजिक–ऐतिहासिक दृष्टिकोणबाट यो वर्गभेदको विवरण पनि ज्ञातव्य हुन आउँछ । तल यसबारे संक्षिप्त चर्चा गरिन्छ ।

बाह्र जात तामाङः–

वर्गको नाम बाह्र जात भए पनि यस अन्तर्गत निम्न बमोजिम ४७ थरहरूको उल्लेख पाइन्छः–

१. बल्	२. बोजु
३. बल्टोङ	४. ब्लन्
५. बम्जन	६. चकेङ्कोर चुमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. डोङ्ग	८. डोङबा
९. दुम्जन्	१०. ग्लन्
११. गोस्देन	१२. घिसिङ
१३. गैंबा	१४. गोले
१५. गोङबा	१६. ग्रङडन्
१७. होप्थेन जिम्बा	१८. जोङ्गन्
१९. जुमी	२०. खानीखोर
२१. ख्युङबा	२२. क्टुिङ
२३. कुल्देन	२४. लामा गोङजु
२५. लामाखोर	२६. लोहो
२७. लोप्चन्	२८. लुङबा
२९. मार्नुम्बा	३०. मिक्चन
३१. मोक्तान	३२. नेकी नेसुर
३३. पाखीन	३४. पालचोके
३५. रुम्बा	३६. शेर्बाखोर्
३७. स्याङदान्	३८. सिङ्गार
३९. स्याङबो	४०. सुक्तेल
४१. तोइसिन	४२. थोङ
४३. थोकोर	४४. तितुङ
४५. तुङबा	४६. वाइबा
४७. योन्जन	

अठाह्र जात तामाङ:–

अठान्ह जातको वर्गमा गोथार वा गोदार, ङार्वा र साङरीको उल्लेख पाइन्छ ।

अन्य जातिहरूसँग सम्पर्क:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तामाङहरूमा मूल र विशुद्ध वर्ग बाह्र जात रहेको बुझिन्छ र अन्यान्य जातिहरूसँग वैवाहिक सम्बन्धबाट नै तल्लो अठाह्र जात बनेको बुझिन आएको छ। यसको एक दुई विवरण तल प्रस्तुत छ।

तामाङ आइमाईले खस लोग्ने मानिससँग बिहे गरी वा गई पाएको सन्तान गोथार र गोदार कहलिने चलन छ। यसै जातलाई हिजाज खत्री पनि भनिन्छ। मगरहरूमा पनि यस्तै उदाहरण पाइन्छ। यस्तै अर्को उदाहरण ङार्वामा पाइन्छ। तामाङ आइमाईले नेवार पुरुषबाट पाएको सन्तान ङार्वा थरको कहलिन्छ। तामाङ आइमाईले गुरुङ, मगर, लिम्बू, राई वा सुनुवार पुरुषबाट पाएको सन्तानलाई साङग्री थर दिइएको देखिन्छ।

ऐतिहासिक पक्षः—

तामाङहरू तिब्बतको उइछङ क्षेत्रबाट आएका हुन् भन्ने जुन विश्वास चलेको छ त्यसको सत्यासत्यबारे हाल सामग्रीको अभावमा केही विवेचन गर्न सकिएको छैन। त्यसै ठाउँबाट आएको भए पनि कुन मितिमा आएका हुन् भन्ने प्रश्नको जवाफ पनि स्पष्टसँग दिन सकिँदैन। तर एक थरी विचार अनुसार तामाङ वा तामाग् शब्दको अर्थ घोडचढी फौज (Cavalry) हुन्छ। ईस्वीको सातौं शताब्दीमा तिब्बतमा भएका प्रतापी राजा स्रोङ चन् गम्पोको पालामा सैनिक कामको सिलसिलामा घोडचढी फौजको रूपमा आएका हुनाले उक्त काम अनुसारको नाम पनि रहन गएको मान्न सकिन्छ।

तिब्बत र नेपालको राजनीतिक सम्बन्धको प्रारम्भिक इतिहास राम्रोसँग स्पष्ट भैसकेको छैन। कतिपय इतिहासकारहरूले स्रोङ चन् गम्पोले नेपाललाई आफ्नो अधीनस्थ पारेका थिए भनी लेखेका छन्। यो तथ्य सकार्ने हो भने तामाङहरू आक्रमणकारी सैन्यका रूपमा आएको सिद्ध हुन आउने छ। तर ईस्वीको सातौं शताब्दीतिरको नेपालको ज्ञात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास अनुसार नेपालको तिबतसँग अत्यन्त घनिष्ठ र मैत्री सम्बन्ध रहेको थाहापाइन्छ । त्यस्तै सन्दर्भमा ई. ६४८ तिर नेपालमा नरेन्द्रदेव राजा भएको बेलामा उत्तरभारतका राजा अरुणाश्व (हर्षवर्धनपछि भएका शासक) को विरुद्ध नेपाल, तिबत र चीनले गरेको संयुक्त सैनिक अभियानको क्रममा तिबतका राजा स्त्रोङ चन् गम्पोले पनि केही फौज पठाएको विवरण उपलब्ध छ । तामाङहरूको सम्बन्ध त्यसै फौजसँग रहेको मान्न सकिन्छ कि जस्तो लाग्दछ । अर्थात् तामाङहरू आक्रमणकारीका रूपमा हैन मैत्री सम्बन्ध दृढ गराउने राजनीतिक कामको सिलसिलामा यता आएका हुन् । त्यसरी आएको फौजमध्ये केहीले यतै घरजम गरी बसेको हुन सक्ने देखिन्छ । यसरी तामाङको प्रवेश नेपालमा भएको मान्न सकिने देखिएको छ ।

नेपालमा प्रवेश गरी बस्न थालेको बेलामा हिजाज तामाङ कहलिने वर्ग १२ वर्गमा बाँडिएको थियो भन्ने तामाङहरूकै परम्परा रहेको छ । सो १२ वर्ग वा थरको नाम तल उध्दृत बमोजिम मानिन्छः[1]—

१. मोक्तान	२. बाल् (बल्)
३. बम्जन्	४. घिसिङ
५. पाखीन	६. योञ्जन
७. स्याङदान्	८. थीङ
९. गोले	१०. ग्याबा
११. मिक्चन	१२. बोजु

यी १२ वर्गमध्ये मोक्तान चाहिँ सबैको नेता वा अगुवा रहेको थियो भनिन्छ । हामीले माथि तामाङहरूको दुई वर्गमध्ये बाह्र जातको जुन चर्चा गरेका छौं सो जातका मूल र मुख्य थर पनि माथि तालिकामा प्रस्तुत १२ नाम नै हो भन्ने देखिन्छ ।[1]

१. यो विवरण लेख्दा Chemjong, I. S. History and Culture of the Kirat People, Pt. II. Kathmandu, 1967. को पनि उपयोग गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनुवार

पूर्वी नेपालको लिखु खोलाको आसपासका क्षेत्रमा सुनुवार जातिको विशेष बसोबास रहेको देखिन्छ । यस जातिमा मुख्य रूपले दुई वर्गको गणना हुन्छ—दश थरे र बान्ह थरे । दश थरेहरू आफूलाई उच्च-वर्गीय मान्दछन् र बान्ह थरेलाई तल्लो वर्गको । यसै कारणले परम्परा अनुसार ती दुई वर्गमा बिहेबारीको सम्बन्ध सकेसम्म गर्न हुँदैन । सांस्कृतिक पक्षमा सुनुवारको समानता मगरहरूसँग केही रहेको तथ्यतिर विद्वान्हरूले संकेत गरेका छन् ।[१]

एक जना विद्वान्ले सुनुवारको नेपाल-आगमनको विवरण प्रस्तुत गर्दा तीन भिन्नाभिन्नै समयमा तीन पल्ट गरी तिनको आगमन भएको कुरा लेखेका छन् । उक्त विद्वान्को भनाईको आधारमा तल यस सम्बन्धी विवरण प्रस्तुत गरिन्छ ।

पहिलो डफ्फा/दश थरे

सुनुवारहरूको आदिस्थल तिबत मानिन्छ । यिनीहरूको एक डफ्फा तिबतबाट काश्मीरतर्फको बाटोबाट पञ्जाब र बिहारको बाटो नेपाल तराईको सिम्रौनगढ भेक आइपुगी भित्र पहाडतिर पसेका हुन् भनिन्छ । भित्री पहाडी क्षेत्रतिर लाग्दा एक डफ्फाले जिरी खोला र अर्कोले सिरी खोलाको बाटो गरी ती पसेका थिए । यही आधारमा एकको नाम जिरेल र अर्कोको सिरेल हुन गयो । यो डफ्फामा निम्न १० थरहरू प्रचलित छन्:—

---

१. Chemjong, History and Culture of the Kirat People, Pt. ii. Kathmandu, 1967 PP. 86–87.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. जेठा	२. जिरेल
३. झेलु	४. मोहिरा
५. पहाडी	६. सुइनु
७. सुनामे	८. सुरेल–सिरेल
९. थानु	१०. वाङ्दी

यही डफ्फा दश थरेको रूपमा रहेको छ ।

दोस्रो डफ्फा/बान्ह थरे

तिवतबाट आर्कै समयमा हिँड्ने दोस्रो डफ्फा पूर्व ब्रह्मपुत्र नदी-तर्फबाट आई सिम्रौनगढको बाटो भित्र पहाडमा पसी सुनकोशीका किनारमा बसोबास गर्न थालेको मानिन्छ । यस डफ्फामा बान्ह थर हुनाले बान्ह थरे भनिन्छ जुन तल प्रस्तुत बमोजिम हुन्:–

१. बुजुवार	२. चिआबा
३. जुजुखा	४. मेकेफीते
५. नकसोजफिते	६. जेन्ती
७. जोबो	८. लिन्होच्छा
९. याता	१०. लावा
११. पोलो	१२. खसा

पहिलो डफ्फाको दश थरे र दोस्रो डफ्फाको बान्ह थरेको आपस-मा बिहेवारी नगर्ने चलन छ ।

तेस्रो डफ्फा:–

तेस्रो डफ्फाबारे विवरण त्यति स्पष्ट छैन । तर यो डफ्फा पनि सिम्रौनगढको गौंडाबाट भित्री पहाडी इलाकामा पसी दूधकोशी क्षेत्र वा खम्बुवान इलाकामा बसोबास गर्न थालेको मानिन्छ । यहाँ रहँदा बस्दा यो डफ्फा त्यस क्षेत्रका अधिसंख्यक राईहरूमै मिश्रित भई आफ्नो अस्तित्व विलीन गराएको मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतिले सुनुवार जातीय नामको अर्थ सुनकोशीका नेवार=सुनुवार भन्ने गरेका छन् । नामको व्याख्या त मिल्दो नै देखिन्छ तर सुनकोशीका नेवार भनेर यिनलाई उपत्यकातिरका नेवारसँग किन साम्य गरिएको हो भन्ने तथ्यको विशेष अध्ययन गर्नु जरूरी देखिन्छ ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व नेपालको संस्कृतिका झल्काहरू

पूर्व नेपालमा धेरै अघिदेखि किरात वर्गका जनजातिहरूको बसोबास भई आएको थाहापाइन्छ । वंशावलिहरूको भनाई मान्ने हो भने काठमाडौं उपत्यकामा राजधानी थापेर ३२ पुस्ता जति किरातहरूले राजकाज चलाएका थिए । लिच्छविहरूबाट पराजित भएपछि ती किरात शासक वर्ग पूर्वतिर गई बस्न थालेको अस्पष्ट तथ्य पनि उल्लिखित भएको पाइन्छ ।

किरात वास्तवमा यौटा विशाल जाति हो जसको एक अंश नेपालको भूभागमा अवस्थित छ । नेपालमैं पनि 'किरात' जाति स्थानीय रूपले अनेक रूप, रंग र संस्कृतिमा ढालिएका देखिन्छन्– लिम्बू, राई, सुनुवार, नेवार, मगर, गुरुङ, तामाङ, थाक्से र भोटे आदि । तर तिनको सांस्कृतिक साम्य निकै नै देखिन्छ । यसैले पनि यी सबै एकै मूलका समाज हुन् भन्न सकिएको हो । तर नेपालको इसिहासको पाना पल्टाएर हेरेमा वा वर्तमान स्थितिकै राम्ररी मूल्यांकन गरेमा पूर्वमा भन्दा पश्चिममा सांस्कृतिक र राजनीतिक प्रयोग धेरै भएको देखिन्छ । एक किसिमले भन्ने हो भने पूर्वी नेपालमा अन्तर्जातीय सांस्कृतिक सम्मिश्रणको प्रक्रिया त्यति प्रभावशाली रूपले प्रवाहित हुन पाएको देखिँदैन । उपत्यकाका किरात नेवार भई आर्य सभ्यता (सनातन हिन्दू र बौद्ध दुबै मिलाएर) कै अनुयायी भए, पश्चिमका मगर र गुरूङहरू सनातन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू–बौद्धका रूपमा दीक्षित भैसके तर पूर्वका किरातीहरूले सुम्निमा–पारुहाङ धर्मलाई अझै पनि कायम गरिरहेका छन् । त्यता हिजाज जति सांस्कृतिक परिवर्तन भएको देखिन्छ त्यो २००७ तिरदेखि मात्र हुन थालेको देखिन आएको छ ।

नौलाख किरात

ईस्वीको अठार्हौं शताब्दीको अन्त्यतिर काठमाडौं उपत्यकाको पूर्व मेचीसम्म र टिष्टासम्मको क्षेत्रलाई 'किरात' देश भनिने गरेको थाहापाइएको छ । पृथ्वीनारायण शाहको दिव्य उपदेशमा 'नौलाख किरायत' ('नौलाष किरायत') भनिएको यसै क्षेत्रलाई हो भन्ने स्पष्ट बुझिन्छ । यस अभिव्यक्तिको ऐतिहासिक निरूपण हुन बाँकी नै छ ।

नौलाख किरात पनि तीन क्षेत्रमा विभाजित रहिआएको छ जसको विवरण तल प्रस्तुत छः–

१. वल्लो किरात:–सुनकोशी र लिखुको बीचको भूभाग ।
२. माफ किरात:– लिखु र अरूण नदीको बीचको भूभाग ।
३. पल्लो किरात:– अरुण र मेची नदीको बीचको भूभाग ।

उक्त ३ क्षेत्र पनि जातीय संस्कृतिको दृष्टिले खम्बुवान र लिम्बुवानको रूपमा कहलिएको देखिन्छ । अघिल्लो खम्बुवान चाहिँ काठमाडौं उपत्यकाको पूर्वी सिमानादेखि दूधकोशीसम्म र लिम्बुवान चाहिँ दूधकोशीदेखि मेचीसम्मको क्षेत्रलाई भनिन्छ । यसै भित्र खम्पाजोङ्ग पनि पर्दछ । सांस्कृतिक र राजनीतिक सम्पर्कको दृष्टिले मेचीदेखि टिष्टासम्मको भागलाई पनि गनिने चलन छ र सो क्षेत्रलाई लाप्चान अर्थात् लाप्चा वा लेप्चाको क्षेत्र भनिन्छ । पूर्व नेपालको तराई भेकलाई पनि यस्तै नाम दिइएको पाइन्छ– मावरोंग । यो क्षेत्र एक जना किराती राजा मावरोंग हाङले जितेको हुनाले उनैको नामबाट यो तराई क्षेत्र कहलिएको देखिन्छ ।[1]

---

१. यही मावरोंग नामबाट मोरंग नाम रहन गएको हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दश लिम्बू

पूर्व नेपालको संस्कृतिमा लिम्बू र राईहरूको प्रमुख स्थान रहेको छ । यो पक्षको विस्तृत अध्ययन भैसकेको छैन । यस लेखमा हामीले माथि शीर्षक दिएर्ँ झिल्काहरू दिन खोजेका छौं ।

जातीय संस्कृतिको रूपमा लिम्बू जाति एउटा विशाल परिवार हो जसमा अनकन् थर वा उपजातिहरू सम्मिलित भएका देखिन्छन् । यस्तै सन्दर्भमा पाँच थरी लिम्बूको एउटा सूची पाइन्छ जसमा निम्न पाँच थरहरूको गणना गरिन्छः–

१. माबो हाङ्ग
२. पापो हाङ्ग
३. थेगिम हाङ्ग
४. नेम्बाङ्ग हाङ्ग
५. माखिम् हाङ्ग

उक्त पाँचमध्ये दोस्रो पापो हाङ्गको पनि सात उपभेदको उल्लेख पाइन्छः–

१. तुम्बापो
२. तुम्रोक्
३. आङ्गदेम्बे
४. लाओती (लावती)
५. शेर्मा
६. कुरुङ्ग बाङ्ग
७. सोङ्गबाङ्ग

दश लिम्बूको राजनीतिक+सामाजिक संस्कृति

पूर्व नेपालमा दश लिम्बूको क्षेत्र◇ निम्न किसिमको मानिन्छ जहाँको स्वशासन गर्न राजा पनि छानिएका थिएः–

१. तम्वर जिल्ला सम्लुप्ली सम्बा हाङः राजा छानिए । तम्बर किल्ला ती राजाले बनाए । यस इलाकामा १. फेन्दुवा २. पत्लुङ्गवा ३. पोतङ्गवा ४. तवा ५. बान्तवा ६. पाक्साङ्गवा ७. लबुङ्ग ८. साम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिङ बुङ र अरू जातिको बसोवास थियो ।

२. मेवा र मैवा:– इलाकामा सिसियेन शेरिङ् हाङ राजा छानिए । अघि मैवा भिन्नै थियो तर पछि लडाईमा जितिई मेवामैं गाबियो । ती राजाले मेरिङ्ग्देनमा किल्ला बनाए । यस क्षेत्रमा १. शेरिङ्, २. चोङ्गबाङ्ग, ३. लि बाङ्ग ४. फागो ५. नोगो ६. नल् बो ७. थोलोङ्ग ८. सम्वा र अरू जाति वस्थे ।

३. आठराई:– थोक्तोक्सो आङ्गबो हाङ्ग राजा छानिए । आठराई अघि फेदाप जिल्ला अन्तर्गत पर्थ्यो । तर यो क्षेत्र निकै ठूलो हुँदा फेदापबाट छुट्याई भिन्नै राज्य कायम गरिएको थियो । यस राज्यको किल्ला पोमा जोंगमा बन्यो । यसमा:–

१. अङ्गबो हाङ्ग २ कोन्दाङ्बा ३. इङ्गनाम्फेन् ४. योक्सोबा ५. सेन्दाङ्ग ६. पोमा ७.लोक्तम् ८. इवा जातिको बसोबास थियो ।

४. याङ्गवारोक्– यहाँ तिन्डोलुङ्ग खोक्मा हाङ्ग राजा छानिए । हस्तपुरमा किल्ला बनाए । यहाँका वासिन्दा जाति:–

१. मावो २. थेब्रे ३. लोक्सोम् ४. सेतिलङ्ग ५. ताम्लिङ्ग ६. सालिङ्ग ७. काम्बाङ्ग ।

५. पाँच थर– येंगासो पापोहाङ्ग राजा छानिए । याशोक र फेदेन्मा किल्ला बनाए । यहाँका जाति:–

१. तुम्बापो २. तुम्रोक् ३. आङ्गदेम्बे ४. शेर्माली ५. सोङ्ग-बाङ्गफे ६. कुरुङ्गबाङ्ग ७. नेम्बाङ्ग ८. थेगिम् ९. माबिम् १०. लौती ११. मीयोङ्ग । यो दश लिम्बू राज्यको केन्द्र थियो । यसको दक्षिणी सीमाना सम्बावा खोला थियो, अहिले मात्र नावा भएको हो भनिन्छ ।

◇ Chemjong, Iman Singh– History and Culture of the Kirat People, Pt. I. PP. 60-63 को आधारमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. फेदाप– शेङ्गसेन् ग्रुम् फेदाप हाङ्ग राजा छानिए तिनले पोक्लाबाङ्गमा किल्ला बनाए ।

यहाँ १. पोङ्ग याङ्गयु २. निङ्गलेकु ३. सोङ्गबाङगफे ४. पङगेन हाङ्ग ५. कांवे पुङ्ग ६. फोम्बो ७. चोङ्गबाङ्ग जाति थिए ।

७. एलाम फाक्फोक वा चारखोला– मुङगताई ची एमे हाङ्ग राजा छानिए । जातिः– १. रोंग वा लाप्चा २. लिङ्गशेम ३. लोक्तम् ४. फोत्रो ५. पत्रे ६. सोङ्गमी ७. रोंगोंग ८. कावो ९. तक्नेल १०. मेची ११. गुलिङग १२. साङ्गफेङग १३. संगुत् १४. योङ्ग या हाङग । आङ्गदाङग र एलाममा किल्ला बनाए ।

८. चौबीस वा वोधे– सोइ स्राक् लादो हाङ्ग राजा छानिए । जातिः– १. चेम्जोङ्ग २. सोङ्ग योक् ३. वाजि वा वजि ४. थारू ५. धिमाल ६. कोचे । शङ्गरीमा किल्ला । उत्तरी सीमाना–सम्बाना खोला । दक्षिणमा–पूर्निमानेर जलालगढ ।

९. तेह्रथुम– तम्पिसो पेरूङ्ग हाङ्ग राजा छानिए । अघि यो पनि फेदाम्में पर्थ्यो पछि मात्र भिन्नै भएको । कालामा किल्ला बनाए । जातिः– १. तुम् बाङगफे २. शोडेम्बा ३. तेपुङ्गबा ४. फेदोप् ५. कोब्याक् ।

१०. छथर– यहाँ ताक्लुङ्ग खेवा हाङ्ग राजा छानिए । अघि दूधकोसीसम्म यसको पश्चिमी सीमाना थियो । खोटाङ्गमा माम्लिङ्ग चिम्लिङ्ग किल्ला बनाए । यहाँ १. मादेन २. तुम्बा ३. चोङ्गबाङ्ग ४. तेग्ला ५. मङ्गमाक् ६. आङ्गलाबाङ्ग ७. चाम्लिङ्ग ८. खाम्बोङ्गवा किराती जातिहरू बसोवास गर्दथे ।

वान्तवा

माथि दश लिम्बूको विवरणमा तम्वर जिल्लाका निवासी जातिमध्ये वान्तवा (वान्तावा) को उल्लेख गरियो । अरू किरातीलेफैं यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बान्तवा पनि आफूलाई सुम्निमा (पार्वती) र पारुहाङ्ग (शिव) का सन्तान मान्दछन् । यिनको वर्गका ५० जति थरहरूको उल्लेख पाइन्छ जुनमध्ये २६ थरको नाम निम्न बमोजिम छ :–

१. राई	२. गोरङ्ग
३. चारघरे	४. रुपाबुङ्ग
५. खाम्तुले	६. शितङ्ङ्वा
७. खोम्पुङ्ङ्वा	८. हाङ्गखीम्
९. बोसुरु	१०. साम्सोङ्ग
११. इशरा	१२. हन्छन्
१३. वा	१४. मक्कान्
१५. रूङ्गमाङ्गछा	१६. खिम्दुङ्ग
१७. लिम्खिम्बाङ्ग	१८. माङ्गपहाङ्ग
१९. अवाई	२०. छोङडोङ्ग
२१. सोक्तान	२२. रिच्छेनबुङ्ग
२३. नाङग्रुहाङ्ग	२४. कङ्गमाङ्गच्छा
२५. पेवाङ्ग	२६. मलुसाङ्गपाङ्ग इत्यादि ।

यही बान्तवालाई 'दश किराती' को एक थर (पच्छा) मानिएको छ । 'दश किराती'को नामसूची तल प्रस्तुत बमोजिम मानिएको छ:–

१. कुलुङगे	२. खालिङगे
३. लोहोरुङगे	४. थुलुङगे
५. चाम्लिङगे	६. सताङगे
७. सम्पाङगे	८. बालिङगे
९. बान्तवा	१०. रुम्दाली

१. Nepal, Khemaraj– The Bantawa, Rising Nepal, Feb. 23. 1973.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त दश किरातीहरूको आफ्–आफ्नो भिन्दाभिन्दै क्षेत्र विभाजित छ र तिनको भाषामा भेद पनि भएको विद्वान्‌हरूले अथ्याएका छन् ।

पूर्व नेपालको संस्कृतिको केही सीमित पक्षबारे यहाँ टिप्पणीहरू मात्र प्रस्तुत गरिएको छ । यस क्षेत्रमा विस्तृत अध्ययनको आवश्यकता पनि अनुभव भएर आउँछ ।

× ×

नेपालायन

खण्ड–२

स्वयम्भू स्तूप

अनेक खालका आख्यानहरूसँग सम्बद्ध हुनाले स्वयम्भू स्तूपको आफ्नो विशेषता रहेको छ । यति विधि आख्यान कुनै एउटा स्तूपबारे पाउन सकिँदैन । यी आख्यानहरूले यस स्तूपको महत्त्व अति बढाइदिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । यस स्तूपको कति महत्त्व मानिंदो रहेछ भन्ने कुरा एउटा मात्र तथ्यले प्रष्ट हुन्छ कि यसैको नाउँमा र यसको महत्त्व कथन स्वयम्भू पुराण जस्तो बृहदाकार ग्रन्थसमेत रचिएको छ ।

स्वयम्भू पुराणले यस स्तूपको महत्त्व बताउन एउटा श्लोक प्रस्तुत गरेको छ जसमा भनिएको छ– सबै मर्त्यलोकमा जम्बूद्वीप प्रसिद्ध छ, जम्बूद्वीपमा पनि खास गरी आर्यावर्त्त प्रसिद्ध छ । आर्यावर्त्तमा पनि अझ हिमालय प्रसिद्ध छ, हिमालयमा पनि नेपाल अझ प्रसिद्ध, नेपालमा पनि शम्भू-क्षेत्र (स्वयम्भू क्षेत्र) झन् प्रसिद्ध छ । त्यही पुस्तकमा आर्को ठाउँमा नेपाल किन प्रसिद्ध भएको भन्ने प्रश्नको उत्तरमा यहाँ स्वयम्भू उत्पन्न भएकोले भन्ने उत्तर दिइएको छ । त्यही पुस्तकमा उपगुप्तको भनाईको चर्चा गरी स्वयम्भू–चैत्यराजलाई नेपालको सबभन्दा पवित्र ठाउँ हो भनिएको छ र यसलाई धर्मधातुको गृह पनि भनिएको छ ।

मर्त्यलोषु सर्वेषु जम्बूद्वीपं प्रसिद्धकम्
जम्बूद्वीपे विशेषेण आर्याबर्त्तं प्रसिद्धकम्
आर्यावर्त्ते विशेषेण हेमालय प्रसिद्धकम्
हेमालये विशेषेण नेपालश्च प्रसिद्धकम्; स्व. पु. पृ. ४०३.

त्रिसहस्रसमालोके नेपालसादृशं न हि
श्रीस्वयम्भू उत्पन्नाच्च सर्वत्र गौरवं महत्, ऐजन

ऐजन, पृ. २०.

(क) मेने लाई डा. डिल्लीरमण रेग्मीको मेडीभल नेपाल भनी संछेप गरिएको छ ।

(ख) स्व. पु. चाहिं स्वयम्भू पुराणको संछेपको रूपमा प्रयोग गरिएको छ । यो पुराण हरप्रसाद शास्त्रीद्वारा ई. १९०५ मा कलकत्ता-बाट छापिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम्भू पुराणमा यस स्तूपका विभिन्न नाम लेखिएका छन्– धर्मधातुवागीश्वर, चैत्यराजश्री–स्वयम्भू, जगन्नाथ, ~ गोपुच्छ चैत्य, विश्वकर्मचैत्य, ● त्रिजगन्नाथ धर्मधातु, स्वयम्भू चैत्यराज र धर्मधातु गृह, ।

अभिलेखहरूमा पनि यस स्तूपका विभिन्न नामको चर्चा गरिएको छः– श्री श्री स्वयम्भू चैत्य + (ई. १३८२), श्री ३ वज्रधातुचैत्य (ई. १५६०), ◆ वज्रधातुचैत्य, = धर्मधातुवागीश्वर (ई. १६७६ , श्री ३ धर्म धातु (ई. १६७७), श्री ३ स्वयम्भू चैत्य (ई. १७५२), ⊙ श्री ३ वज्रासन (ई. १७५८), ÷ महाचैत्य (ई. १७५८), □ आर्य्य श्री ३ महाचैत्यरत्न (ई. १७५८), ± श्री श्री श्री स्वयम्भू आर्य्यामहाचैत्य (ई. १७५८), △ स्वयम्भू महाचैत्य (ई. १७५८) × र येन्देश् चैत्य ।

स्वयम्भू पुराण अनुसार उत्पन्न हुँदा यो चैत्य एक हात अग्लो र तेजोमय थियो । ⌐ देउताहरूले यो तेजलाई आदिबुद्धको रूपमा स्वयम्भू माने । उत्पन्न भएपछि सबै जातका मानिसहरूले आ–आफ्नो पेशा अनुसार यस ज्योतिको पूजा गरे ।

स्व. पु. पृ. ३७०.
ऐजन. पृ. ३११.
~ ऐजन. पृ. २९९
ऐजन. पृ. ४२१.
● ऐजन. पृ. ४२२.
ऐजन पृ. १७,२०.
\+ पूर्णिमा. ७. पृ. ३४
◆ मेने. ४. पृ. १९.
= सिम्भू. अप्र. अभि.
ऐजन.
ऐजन.
⊙ मेने. ४. पृ. ३०४.
÷ ऐजन, पृ. ३१८.
□ ऐजन. पृ. ३१५.
± ऐजन.
△ ऐजन. पृ. ३०७.
× ऐजन पृ. ३१४.
गो. वं.
⌐ स्व. पु. पृ. ४८.
ऐजन. पृ. ५६.
ऐजन पृ. ६८–६९.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम्भू पुराणकै भनाई अनुसार स्वयम्भूको ज्योति कालीह्रद (भाषा वंशावलिको नागदह) मा हजारपाते कमलमाथि उत्पन्न भएको थियो:– ●

कालीह्रदे च विख्याते सहस्रदलपंकजे ।
नानारत्नसुसंयुक्ते नानामणिविचित्रके ।।
नानागुणविभूषांगे नानालक्ष्मिभिपूरिते ।
श्रीस्वयम्भूजगन्नाथं ज्योतिरूपं सरूपकम् ।।
सहस्रसूर्यादधिकं तेजैश्च परिपूरितम् ।
स्वयं उत्पन्ननाथश्च कालीह्रदे विचित्रके ।।

भाषा वंशावलि अनुसार यो ज्योति अक्निष्ट भुवनबाट आएको थियो ।

यो ज्योति उत्पन्न भइसकेपछि चिनियाँ जनतासाथ मञ्जुदेव आई ⊙ स्वयम्भू ज्योतिको स्तुति आ-आफ्नै भाषामा गरे । △ वंशावलि अनुसार मञ्जुश्रीले विश्वरूपको रूपमा कमलको बीचमा स्वयम्भूको दर्शन पाएका थिए ।

स्वयम्भू ज्योतिमा सर्वप्रथम चैत्य बनाउने श्रेय मञ्जुश्रीलाई दिइएको छ । स्व. पु. अनुसार मञ्जुश्रीले बनाएको यो चैत्यलाई शान्तिकरले अझ ठूलो पारे । ∺ शान्तिकरले यो चैत्यको पुनर्निर्माण गर्दा ढुंगा र ईंटको प्रयोग गरेका थिए । + वंशावलिमा पनि वृषदेवले शैव-धर्म छाडी बौद्ध धर्म ग्रहण गर्दा शान्तिशील र शान्तिकर बज्राचार्य

● ऐजन. पृ. १३५.
⊙ स्व. पु. पृ. १५९.
△ ऐजन. पृ. १७०.
∺ ऐजन. पृ. ४९४.
+ ऐजन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिक्षुसंग सल्लाह गरी यो चैत्यको पुर्ननिर्माण गरेको कुरा बताइएको छ। वंशावलिको यो कथ्यमा चर्चिएको नाउँ शान्तिकर स्व. पु. को शान्तिकरनै हुन् भन्ने अड्कल गर्न सकिन्छ।

स्व. पु. मा शान्तिकर सिद्धाचार्यपछि पनि फेरि रिद्धिगुप्तले पनि यस चैत्यको पुर्ननिर्माण गरेको कुरा बताइएको छ र यस घटनापछि यस चैत्यको नाउँ वज्रकूट रहेको कुरा पनि बताइएको छ।[1] शान्तिकरको पालामा यो चैत्यको निर्माण गर्दा सबै देउताहरू लागेका कुरो पनि स्व. पु. मा बताइएको छ। त्यस अनुसार वरुणले सुनको घैंटो ल्याए,[2] यमले माटाको गोलाकृति (Earthern sphere) बनाए र त्यसमा ईंटहरू राखे, वायुले ईंटहरू सुकाए। यी तीन देउताहरूले बाहेक विश्वकर्मा, रक्षराज, अग्नि, महादेव ईशान र उनका गणहरूले पनि यस चैत्यको निर्माणमा सहयोग गरेका थिए।[3] अन्त्यमा भगवान् ब्रह्माले यसमा तेह्र छाना भएको छत्रावलि चढाए।[4]

स्व. पु. अनुसार काशीबाट काश्यप आई[5] यसको पूजा गरेपछि[6] हिमालतिर लागेका थिए।[7] त्यही ग्रन्थ अनुसार यसको पूजा गर्नाले सुखावती स्वर्ग पुगिन्छ।[8] ई. १६५७ को एक अभिलेखमा यस चैत्यलाई 'श्री श्री श्री स्वयम्भूरूप महेश्वर' भनी प्रार्थना गरिएको छ।[9] यस्तै ई. १७५८ को अभिलेखमा स्वयम्भूलाई इन्द्र, विष्णु, लोकपालहरू र महेश्वरले पूजा गरिने भनेर स्तुति गरिएको छ।[10]

---

[1] ऐजन. पृ. ४१४.
[2] ऐजन. पृ. ४१७.
[3] स्व. पु. पृ. ४१७, ४१८.
[4] ऐजन.पृ. ४१८.
[5] ऐजन. पृ. ३८८.
[6] ऐजन. पृ. ३८९.
[7] ऐजन.
[8] ऐजन. पृ. ४३०.
[9] मेने. ४. पृ. १०७.
[10] ऐजन. पृ. ३००.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम्भू पुराणमा सिम्भू डांडालाई स्वर्गको बगैंचा नन्दन जस्तो राम्रो भनिएको छ ।= त्यसैमा यसलाई 'महासहस्रकलोकं' पनि मानिएको छ ।● भनाई अनुसार यहाँ (स्तूपमा) धेरै धन छ ।×

सिम्भूको डांडा पहिले सत्ययुगमा पद्मगिरि, त्रेतायुगमा वज्रकूट, द्वापरमा गोश्रृंग र कलियुगमा गोपुच्छ नाउँले कहलिएको थियो ।❖ आर्को ठाउँमा स्वयम्भू पुराणमैं यसलाई गिरिराज पनि भनिएको छ ।✤ त्यही ग्रन्थमा सिम्भू डांडामा रहेका दुई कूटमध्ये एउटा मञ्जुश्रीकूट र आर्को स्वयम्भू कूट नाउँ रहेको पनि बताइएको छ ।◆ स्वयम्भू पुराणमा यस डांडाका अरू नाउँ पद्मगिरि,◇ पुच्छाग्रपर्वत,⊙ शाहस्यंगुशिखर ξ र मञ्जुश्रीशिखर★ पनि बताइएका छन् यसको आर्को नाम गोश्रृंग पनि कहलिएको छ । ई. १६५७ को एक अभिलेखमा पनि यस डांडाका विभिन्न युगका नाम चर्चिएका छन् ।~

= स्व. पु. पृ. १२.

● ऐजन.

× ऐजन.

❖ ऐजन. पृ. ८.

✤ ऐजन. पृ. ९.

◆ ऐजन. पृ. ४१४.

◇ ऐजन. पृ. ४२१.

⊙ ऐजन. पृ. ३९६.

ξ ऐजन. पृ. ४३६.

★ ऐजन. पृ. ४९०

~ मंजुश्रीकृतरम्यपर्वतत्रिदिवदर्पसुदारकं
सत्यसंज्ञकयुगवरे खलुपद्मपूर्वां गिरीन्द्रकं
बिमलत्रेतायान्तदेवतु वज्रकूटमद्भुत-
द्वापरवसुदायके कलिदावके गोश्रृंगकं
ललितनामभिरंकितं किलकलियुगे गोपुच्छके
यत्र स्थितिधानकानन नन्दनादपिसुन्दरं ।
मेबे. ४. पृ. १०७-८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक आधारमा विचार गर्ने हो भने स्वयम्भू स्तूपको इतिहास त्यति पुरानो देखिदैन । यहाँ पाइएको पहिलो अभिलेख मानदेव प्रथमको पालाको मान्न सकिने एउटा जीर्ण अभिलेख हो⊙ जसमा यस स्तूपबारे केही पनि लेखिएको छैन । सिम्भू–स्तूपकै आँगनबाट पाइएको यो अभिलेखको पढ्न सकिने भागबाट यो अभिलेख त्यहीं रहेको '... ...न विहार' मा केही जग्गा दान गरी गुठी राखिएको औसरमा राखिएको बुझिन्छ । यहीं पाइएको आर्को अभिलेख पनि जीर्ण छ र यसमा न त राजाको नाउँ छ न तिथिमिति नै ।⁂ तर यसमा 'सम्बुद्ध-जगदेकगुरु' भनेर लेखिएको नाम सिम्भू–स्तूपकै हुनु असम्भव लाग्दैन ।

आभिलेखिक प्रमाणमा यस स्तूपको खास चर्चा नपाइए पनि वृषदेवलाई बौद्धधर्म मानेका भनेर अभिलेखमा पनि लेखिएको देखिएकोले र तिनैलाई वंशावलिमा सिम्भू–स्तूपको जीर्णोद्धार गर्ने भनी बताइएको हुँदा त्यतिखेरै यो स्तूपको स्वरूप बनिसकेको मान्न अप्ठेरो परोइन भन्ने हामीलाई लाग्दछ ।

यस स्तूपको महत्व मध्यकालदेखि बढ्न थालेको बुझिन्छ । मध्यकालमा यस स्तूपको चर्चा तेह्रौं शताब्दीदेखि थाहा पाइन्छ ।◆ यसको चर्चा गर्ने मध्यकालीन सन्दर्भहरूमा तिबती यात्री धर्मस्वामिको विवरण हो जसमा यो स्तूपले तिब्बतमा पनि नाम कमाएको कुरो बताइएको छ ।= यो घटना ई. १२३६ तिरको हो । यसपछि गोपालवंशावलिमा सर्वप्रथम ने. सं. ४०८ (ई. १२८८) को सन्दर्भमा 'साह्मगुस्थान' को

⊙ पूर्णिमा, ९. पृ. २-३.

⁂ अ. सं. १. पृ. ३४.

◆ यो भन्दा केही अघिको मान्न सकिने रञ्जना लिपिको एउटा अभिलेख यहाँ रहेको छ ।

= Biography of Dharmasvamin, P. 54.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा यसको चर्चा पाइन्छ ।❖ ई. १३५० मा सुल्तान शम्सुद्दीनले उपत्यकामा आक्रमण गर्दा यो स्तूपमा पनि लुटपाट मचाएकोले त्यति खेरसम्म यस स्तूपको महत्त्व बढिसकेको देखिन्छ, आगो लागेको २२ वर्षपछि ई. १३७२ मा यसको जीर्णोद्धार राजहर्ष भल्लोकले गरेका थिए ।●

सुल्तान शम्सुद्दीनले आगो लगाएको घटनाको झल्को स्वयम्भू पुराणमा पनि देखिन्छ जसमा यसको बिग्रिने घटना र पुर्ननिर्माणको बयान गर्दै भनिएको छ 'कलियुगमा खराब मानिसहरू यस स्तूपलाई बिगार्ने छन्, त्यसपछि यसलाई ढुंगाले मोरी ईंटको चैत्य बनाइने छ, त्यसपछि चैत्यमा ध्वज, थरी थरीका छाता, सुनको थाल, कपडा र विश्वमणिले सिंगारिने छ, यति भइसकेपछि पश्चिममा अमिताभ, उत्तरमा अमोघसिद्धि, पूर्वमा अक्षोभ्य र दक्षिणमा रत्नसम्भव बाहेक लोचना, मामकी, तारा र पाण्डरा देवीहरू थापिने छन् । यसरी यो स्तूप चार बुद्ध र ताराहरूले घेरिएको हुने छ' । ∴

सत्रौं शताब्दीको प्रारम्भमा ई. १६०५ को वर्ष शिवसिंह राजाको पालामा पनि यस स्तूपको जीर्णोद्धार गरिएको थियो ।◇ वंशावलिमा शिवसिंहकी रानी गंगादेवीले पनि यसको जीर्णोद्धार गराएको कुरा लेखिएको छ । ई. १७५८ मा पनि श्यामर्पा लामाले यसको जीर्णोद्धार गराएका थिए । §

यो स्तूपको मानभाउ नेपालभरि र बाहिर पनि गरिन्छ ।

❖ मेने. ३. पृ. १२२.
● ऐजन. पृ. २१ र पछि ।
∴ स्व. पु. पृ. १७.
◇ मेने. ४. पृ. ४६ र पछि ।
§ ऐजन, पृ. ३०७ र पछि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यकालीन सन्दर्भहरूबाट यसको मान सुदूर पश्चिमका खसिया र तिबतीहरू पनि गर्दथे भन्ने थाहापाइन्छ । नेपालकै अरू जातिहरूबाहेक नेवार र मुर्मिहरू यसको खास मान्यता गर्दछन् ।

नेपालमा र खास गरी काठमाडौं उपत्यकामा धार्मिक क्षेत्रमा भेदभाव नराख्ने चलनमा स्वयम्भू पुराणले स्वयम्भू स्तूपलाई पनि प्रस्तुत गरेको तथ्य उल्लेखनीय छ । त्यस पुराणमा एक ठाउँमा स्वयम्भूलाई ब्रह्मबादीहरूका लागि ब्रह्मरूप, वैष्णवहरूको लागि विष्णुरूप, शैवहरू-को लागि शिवरूप र इन्द्रपूजकहरूको लागि इन्द्ररूपका भनी यसरी स्तुति गरिएको:–

ब्रह्माणां ब्रह्मरूपाय वैष्णवानां च वैष्णवे (?) ।
शैवानां शिवरूपाय इन्द्रानां इन्द्ररूपिने ।। ※

कसै कसैले यो पुराणलाई ईस्वीको सत्रौं शताब्दीतिरको रचना मानेका छन् र यस तथ्यलाई मान्ने हो भने यो श्लोकबाट तत्कालीन धार्मिक विचारधाराको केही झल्को पनि पाउन सकिन्छ ।

सिम्भूमा स्थापित देवी देवता

स्वयम्भू पुराणमा बिभिन्न सन्दर्भहरूमा सिम्भूमा स्थापित देवी–देवताहरूको चर्चा गरिएको छ । उक्त ग्रन्थको भनाई अनुसार शान्ति-करले सबभन्दा धेरै देवी देवीदेवता थापेका थिए । त्यस अनुसार शान्ति-करले यहाँ चारमण्डल□ बाहेक पाँच भैरव–पृथ्वी भैरव, अप् भैरव, तेज भैरव, वायु भैरव र स्फोस्य भैरवको स्थापना गरेका थिए ।❀ यी बाहेक शान्तिकरले यहाँ अक्षोभ्य, अमिताभ, अमोघसिद्धि, लोचना,

※ स्व. पु. पृ. ६०. श्लोक जस्ताको तस्तै उध्दृत ।
□ स्व. पु. पृ. ४२९.
❀ ऐजन. पृ. ४२७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामकी, तारा, पाण्डरा आर्यताराका मूर्ति थापेका थिए ।△ यो स्थापना पछि उनले एक यज्ञ पनि गरेका थिए ।

स्व. पु. मा यहाँ थापिएका देउताहरूको स्थापनाको दिशाहरूको पनि चर्चा गरेको छ । त्यस अनुसार (रो) लोचनादेवी ईशानमा, मामकी आग्नेयमा, पाण्डरा नैऋत्यमा तारा वायव्यमा थापिएका थिए ।⊙ यहाँ पञ्चतथागत– बीचमा वैरोचन, पूर्वमा अक्षोभ्य, दक्षिणमा रत्नसम्भव, पश्चिममा अमिताभ, उत्तरमा र पश्चिममैं अमोघसिद्धि–पनि थापिएका थिए ।※ स्व. पु. कै अरू सन्दर्भ अनुसार स्तूपको पश्चिमपट्टि १०५ सन्तानसाथ हारीति दक्षिणाभिमुख रूपमा थापिएकी थिइन् ।✕

यहाँ अनिकाल परेका बेलामा पूजा गरिने ¬ कालीनाग × उत्तरमुखी रूपमा थापिएको छ । यहाँ भैरव थापिएको चर्चा पनि स्व. पु. मा गरिएको छ ।※ वंशावलि अनुसार यस स्तूपको पछाडि मञ्जुश्रीले सरस्वतीको मन्दिर बनाएका थिए ।

पञ्चपुर

स्व. पु. अनुसार शान्तिकराचार्यले सिम्भू–स्तूपको निर्माण गरेपछि पञ्चपुर बनाउन थाले ।※ उनले सर्वप्रथम पूर्वमा शान्तिपुर बना-

---

△ ऐजन. पृ. ४२०.

⊙ ऐजन. पृ. ३७१.

※ ऐजन पृ. ३७०–३७०.

✕ ऐजन. पृ. ४२८.

¬ ऐजन. पृ. ४२९.

× ऐजन पृ. ४२८.

※ ऐजन, पृ. ४२२.

※ स्व. पु. पृ. ४२४.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन थालेका थिए । प्रत्येक पुरमा उनले भिन्नाभिन्नै देउता पनि थापेका थिए । प्रत्येक पुरको विवरण तल प्रस्तुत गरिन्छ ।

शान्तिपुर– यसमा सम्बर, जगदीश्वर र महावीर थापिएका थिए । श्री शान्तिपुरीको रूपमा ७२५ ने. सं. को अभिलेखमा पनि यसको चर्चा गरिएको छ ।± स्व. पु. को बयान अनुसार यो अरू चार पुरभन्दा सबभन्दा राम्रो छ । यसमा एउटा ढोका र धेरै झ्याल छन् ।‡ यो नौ कोठाहरूमा विभक्त छ जसमा प्रशस्त रत्न छन् । यसको बीचमा हजार हात भएका महावीर र प्रज्ञोपाय थापिए ।◈ स्व. पु. अनुसार यो एक मील लामो छ र यसको भुइँ सुनको छ ।❦

नागपुर– यसमा वरुण देवता थापिएका छन् । यसमा धेरै नाग छन् ।+

अग्निपुर– यसको आर्को नाम वन्हिपुर भनिएको छ । यहाँ वह्नि देवता (अग्नि) थापिएका छन् जसको कृपाले गर्दा यो देश आपत्हरू-बाट बचेको छ ।∾

वसुपुर– यहाँ जम्भल र वसुन्धारा थापिएका छन् । यो आग्नेय कोणमा थापिएको छ । ڋ

वायुपुर– यो स्तूपको नैऋृत्य कोणमा थापिएको छ । यहाँ

± मेने. ४. पृ. ५१.
‡ स्व. पु. पृ. ४२५.
◈ ऐजन.
❦ ऐजन पृ. ४८५.
+ ऐजन. पृ. ४२६.
∾ ऐजन.
ڋ ऐजन. पृ. ४२५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायु भैरव आफ्नो शक्तिसाथ थापिएका छन् ।¹ यसमा वायुदेवता पनि थापिएका छन् ।²

यी पाँच पुर पञ्चगणहरूद्वारा पूजिएका छन् ।³

वंशावलि अनुसार प्रतापमल्लले प्रतापपुर र कवीन्द्रपुरको पनि थापना गरेका थिए ।

नेपालायन

खण्ड– ३

१

शहीद साहित्यकार शुक्रराज शास्त्री

क. ज्ञात रचनहरू

१. संस्कृत प्रदीप, १, २, ३, भाग¹

---

¹ स्व. पु. पृ. ४२६

² ऐजन. पु. ४२४.

³ ऐजन. पृ. ४२६.

¹ यो पुस्तकमालाका १५ भागसम्म लेख्ने लेखकको योजना रहेको थाहापाइन्छ । यो संस्कृत अंग्रेजी र नेपालीमा लेखिएको छ । यसमा लेखकको परिचय यस किसिमले लेखिएको छः– Shukraraj Shastri Vidyalhushan; Late Head Pandit of DAV School Allahabad .. ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. स्वर्गको दरवार
३. हिन्दू धर्मोपदेश (हिन्दी, नेपाली)
४. वैदिक सन्ध्या (नित्यकर्मविधि)
५. वैदिक अग्निहोत्र
६. नेपाली वर्णमाला (नेपाली)
७. नेपाल भाषा रीडर (नेवारी) (२ भाग)
८. व्रह्मसूत्र शाङ्करभाष्य (हिन्दी)
९. नेपालभाषा व्याकरण (सं. १९९३)
१०. शहीदके कलमसे (हिन्दी) (माधवराज जोशीको जीवनी)~

ख. जीवनकाल

जन्म– सं. १९५० भदौ १३ गते, बनारसमा
शहीद– सं. १९९७ माघ १० गते मटली त्रिपुरेश्वरमा

●

२
नेपालको उपन्यास साहित्य
शङ्कर कोइरालाका उपन्यास

	प्रकाशन वर्ष	उपन्यास	प्रकाशक
१.	२०१८	खैरिनीघाट	ने. रा. प्र. प्रतिष्ठान
२.	२०१९	प्रेम र सपना	र. पु. भण्डार
३.	२०२३	कौशीको फर्सो	विन्दु प्रकाशन, आसाम
४.	२०२४	नाठो	र. पु. भण्डार
५.	२०२५	कलेज गर्ल	र. पु. भण्डार

~ पछि प्रकाशित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.	२०२६	दोसाँध	भानु प्रकाशन काठमाडौं
७.	२०२६	म पिउन अखबारको	साझा प्रकाशन
८.	२०२६	दुर्दमनीय	साझा प्रकाशन
९.	२०२७	नदी गीत गाउँछ	नेपाली साहित्य प्रकाशन, वाराणसी
१०.	२०३१	एक अञ्जली श्रद्धाञ्जली	श्याम ब्रदर्स, दार्जिलिङ
११.	२०३२	तीनपल्ट	नवीन प्रकाशन, काशी
१२.	२०३२	हेलम्बु मेरो गाउँ	,,
१३.	२०३२	रातभरि	प्रकाश प्रकाशन, दार्जिलिङ
१४.	२०३३	श्रीमती हिरोइन	साझा प्रकाशन

रूपरेखा ६९ अंक भरि 'कलाकार' प्रकाशित छ ।

२०३१ मा उहाँको आर्को उपन्यास 'तरुनी छोरी' मधुपर्कमा धारावाहिक रूपमा प्रकाशन भएको थियो ।

'आधाबाटे कान्छा' उपनामबाट उहाँले निम्न ३ उपन्यासहरूको प्रकाशन पनि गरिसक्नु भएको देखिन्छ:—

१. २०२७ हकवाला— यति जेवी प्रकाशन काठमाडौं
२. २०२९ भट्टीपसल— लक्ष्मी मानन्धर काठमाडौं
३. २०३२ पिशाच डाक्टर— नवीन प्रकाशन, वाराणसी

यसरी शङ्कर कोइरालाले २०१८–२०३३ को अवधिमा १९ उपन्यासको प्रकाशन गरिसक्नु भएको बुझिन्छ। नेपालीमा उपन्यास साहित्यको अभावको जो बिलौना थियो त्यसलाई शङ्करज्यूले एक्लैले भने पनि निकै अंशमा अभावपूर्त्ति गर्नु भएको कुरा यस विवरण–तालिकाबाट स्पष्ट हुन्छ । उपन्यास मात्र हैन कथा साहित्यमा पनि उहाँ-का थुप्रै रचना प्रकाशित भैसकेका देखिन्छन् (जुनमध्ये 'आगो छ यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिलभरि' कथासंग्रह २०२६ मा साझा प्रकाशनबाट प्रकाशित भएको छ) । अर्को कथा संग्रह 'प्रेम र सपना' २०१९ सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित भएको छ । उहाँले नाटकको क्षेत्रमा पनि हात हाल्नु भएको देखिन्छ (२०२६ मा साझा प्रकाशनबाट प्रकाशित 'सेती' नाटक) ।

शङ्करज्यूका रचना निकै लोकप्रिय भएका देखिन्छन् । तर ती रचनाका स्तर र तुलनात्मक अध्ययनबारे भिन्नै जमर्को गर्नुपर्ने देखिन्छ ।

३
पुरानो नेपाली

प्रस्तुत हरपका लेखकले नेपाली भाषाका पुराना रूपका अनेक युगका उदाहरणबारे ठाउँ–ठाउँमा केही लेखिसकेको छ । त्यसै क्रममा यहाँ आफूले प्राप्त गरेको तत्सम्वन्धी एक मात्र पत्रमा अंकित नेपाली भाषाको पुरानो रूप प्रस्तुत छ ।

पत्र– १

अथ पिडंका नाम तेल ।। ।। वलु भाग १ अरिड भाग १ सिमालि भाग १ शतावरि भाग ३ कटाइ भाग ३ विहि भाग ३ अवल भाग ३ वरडा भाग ३ हरडा भाग ३ गुर्जो भाग ३ वासका भाग ३ मज्येष्टा भाग ३ अ×ग भाग ३ वजा भाग ३ पाताल गडुल ३ येति वोषेध एकत्र करि वोषल कुट्नु त उमालि रस काडनु ।

पत्र– २

तव पाकाउनु गाई घृत सेर ८ तिल तेल सेर ४ ऐषधि रस धार्नि ४ दुग्ध सेर १२ तव तेल पचाउनु जव वाति निर्मल होई वल तव काडनु तव असिति वायुयाकौ ईति पिडक नाम तेल ।। ।।

टिप्पणी रूपको यो पत्र देखिनाले यसमा भाषाको समग्र रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छर्लङ्गिन पाएको छैन तैपनि 'वोषेध' (औषध), 'करि', 'पाकाउनु' आदि शब्दमा मध्यकालीनताको परिचय पाइन्छ । यो पत्रको विशेषता खास गरी यसको लिपिमा रहेको छ । त्यसको चित्र यहाँ प्रस्तुत गर्न सकिएको छैन तर यहाँ ५ति सूचना दिइन्छ कि यसको लिपि ई. १४००–१५०० तिरको देखिन्छ । यसको लिपिमा खास गरी अकार, भकार, एकार र इकार चाहिं मध्यकाकीन नागरी रूपका छन् । इकार यहाँ °७° रूपको छ जुन खास–मल्ल राजाका अभिलेखहरूमा पनि प्रयुक्त भएको छ । यसमा अन्य अक्षर हिजाजकै नागरी रूपको भए पनि उक्त अक्षरहरूको मध्यकालीनता र रकारको मध्यकालीन रूप (न) र परवर्ती रूपसमेत प्रयुक्त भएको देख्दा यसलाई माथि ई. १४००–१५०० को बीचको हो भन्ने अन्दाजी गरिएको हो ।

४

नेवारी भाषा

टिप्पणी–(क)

लिच्छविकालको ई. ५६० को थानकोट किसिपिडिको शिलालेखमा (R. Gnoli, Napalese Inscriptions in Gupta characters, Pt. ii. P, 26), 'किचप्रिचिन्' भन्ने गाउँको उल्लेख भएको छ । पछि ई. १५४८ को एउटा प्रमाणमा (डि. र. रेग्मी–मेडीभल नेपाल, ३. पृ. १०९) 'किसिप्पण्डे' को जुन उल्लेख भएको देखिन्छ सो ई. ५६० को प्रमाणमा चर्चित ठाउँकै फेरिएको नाउँ हो भन्ने भन्दाजी गरिएको छ । बाबुराम आचार्यले उक्त लिच्छविकालीन 'किचप्रिचिन्' नामको 'किच' बाट नै नेवारीमा हात्तीको अर्थमा प्रयुक्त हुने 'किसि' बनेको अन्दाजी गर्नु भएको छ (नेपाली १६. पृ. ६) । लिम्बू भाषामा पनि 'किसि' को प्रयोग हुन्छ तर भिन्नै अर्थमा (इ. सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेम्जोङ–लिम्बू नेपाली डिक्सनरी, पृ. ३९) ।

सं. रा अमेरिकाको येल विश्व विद्यालयका अध्यापक जोहानेस राह्लडरले एउटा लेखमा (Johannes Rahder–The Elephant in the South-East Asian Languages, Sino Indian Studies Edi, Kshitis Roy, Shantiniketan, 1957. pp. 171-173). पुरानो जापानी भाषामा हात्तीलाई 'किस' (Kisa) भनिने गरेको चर्चा गर्नु भएको छ । उहाँले खमेर भाषामा चाहिं हात्तिकै अर्थमा 'कुचिय' (Kucea) प्रयुक्त हुने गरेको तथ्य औँल्याउनु भएको छ । यो संक्षिप्त विवरणबाट किच र किस-किसि समानार्थी रहेको तथ्य स्पष्ट होला जस्तो भएको लाग्दछ । साथै नेवारीलाई 'सिनो–इण्डियन' वर्गको भाषा मान्ने तथ्यलाई पुष्टि मिलेको देखिन्छ ।

महाभारतमा 'किचक' भन्ने एक जनाको नाम जुन पाइन्छ त्यसलाई पनि यसै सन्दर्भमा मिलाएर हेर्न सकिन्छ भन्ने आर्को तथ्य पनि यहाँ सम्मिलित हुन सक्दछ ।

टिप्पणी–ख

नेवारीमा संस्कृत शब्द

संस्कृत	नेवारी
१. स्नपन	ह्नवनँ
स्नान	न्हा
२. नेपाल	नेवार, नेवा
३. कोष्ठ	क्वथा, कोथा, कोठा
४. प्राकार	पर्खार, पर्खाल
५. घण्टा	गँ
६. यूप	यल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. गुरुभट्टारक	गुभा, गुँभाल
८. देव	देओ, द्यो
९. गणेश	गने
१०. चतुष्क	चूक, चो
११. वाणिज्य	वञ्जा, वेञ्जु, बने~
१२. ब्राह्मण	ब्रम्हु
१३. क्षौर	छेवर
१४. घृत	घ्यो, घेल, घ्य
१५. शर्करा	साख, शाख, साखल, साखर
१६. भार	भारो
१७. भट्टारक	भराड, भलाल
१८. भर्ता	भता, भात
१९. देश	दे
२०. देवगृह	देग, द्योग
२१. पुष्करिणी	पुखु, पुखुरी, पुखुडी
२२. भाषा	भाय्
२३. कोट्ट	क्वाठ, क्वाथ
२४. अङ्गुष्ठिका	अगु
२५. दधि	धौ
२६. भोजन	भ्वे
२७. अक्षर	आख
२८. जलद्रोणी	जन्हुँ
२९. माता	मा
३०. अग्रज	अर

~ यही शब्द नेपालीमा 'वन्द' हुन आएको छ । नेपालीमा 'वन्द-वेपार' भन्ने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. कलत्र	कला, कलात, करात
३२. पुत्र	पुता
३३. पिशाच	पाहाँ
३४. चतुर्दशी	चऱ्हे
३५. दुग्ध	दुरु
३६. पौर्णमासी	पुह्नि
३७. सरस्वती	ससु
३८. षष्ठी	सिठी
३९. इन्द्र	यँद्या
४०. चतुर्थी	चथा
४१. भैरव	भेरु, भेलु
४२. विवाह	इहो
४३. यात्रा	या
४४. जल	ल
४५. नारा (पानी)	ना
४६. गृह	छे
४७. शुद्धि	सु
४८. पण्यशाला	पसल
४९. पौण्ड्र	पोडे
५०. विनायक	इनाय, यिनाय
५१. राज्यच्युत	रावुत्त–रावुत–रावत–लावुत–लवत –लवट
५२. पुराण	पुरान, पुलान, पुलाँ
५३. जन	जं
५४. आख्यान	वाखँ
५५. नाम	नां

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६. कर्मिन्, कर्मी	क:मि
५७. खस	खँ
५८. मध्यदेश, मध्यदेशीय	मद्यँसे, मर्स्या
५९. कार्पासिक	काप
६०. वस्त्र	वस
६१. पत्र	पौ
६२. मनुष्य	मनु
६३. ज्येष्ठ	ज्याठा, ज्याथा
६४. राजकुल	लाजकुल, लायकुल, लायकु, (लास्कु पनि ?)
६५. वप्प (प्राकृत)	वौ
६६. ग्राम	गां
६७. पुर	पु, पू
६८. सूर्यदेव	सुर्द्य
६९. नायक	नायो
७०. पताका	पता:
७१. ध्वजा	ध्वायं
७२. भाँडा	भाँरा
७३. स्थान	थाय
७४. रोग	लोग
७५. सिद्ध	सिधय्
७६. वारि	वा

⊙

७८१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन
खण्ड-४

क

सिम्रौनगढको संक्षिप्त इतिहास

नेपाल तराईको पर्सा जिल्लामा वीरगंजनेर सिम्रौनगढ नाउँको एक ऐतिहासिक थलो छ । हिजाज सो ठाउँमा भग्नावशेष बाहेक विशेष केही देखिंदैन तर आजभन्दा झण्डै नौ सय वर्ष अघि (ई. १०९७ मा) सो ठाउँ यौटा प्रसिद्ध राजधानीको रूपमा रहेको थियो र त्यसको चक्चकी सवा दुई सय वर्ष जति चलेको समेत थाहापाइने ऐतिहासिक प्रमाण फेला परेका छन् ।

दक्षिण भारतमा कर्नाट देशमा चालुक्य वंशका प्रतापी राजा विक्रमादित्यले ई. १०७१ तिर उत्तर भारततिर विजययात्रा गरेका थिए । सो विजय यात्राको क्रममा सैनिक अधिकारीका रूपमा आएका-हरूमध्ये एकले चाहिं वंगालमा सेन राज्यको स्थापना गरे । आर्कोले सिम्रौनगढमा कर्नाट राज्यको स्थापना गरे । सिम्रौनगढमा कर्नाट राज्य स्थापित गर्ने नान्यदेव थिए ।

नान्यदेवले ई. १०९७ मा नेपाल तराईमा सिम्रौनगढमा राज-धानी थापी राज्य थापेको तथ्य प्रमाणित भएको छ तर यो राज्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थापनाको क्रम त्यति स्पष्ट गर्न सकिएको छैन। तैपनि इतिहासकार-हरूले मानेका छन् कि नान्यदेवले गौड राजा रामपालको राज्यक्षेत्रभित्र पर्ने सो भेक सैनिक शक्तिले जिती आफ्नो स्वतन्त्र राज्य थाप्ने काम गरेका थिए। नान्यदेवले थापेको सो राज्य उत्तरी विहार र नेपाल तराई भेकमा फैलिएको थियो र सो राज्यलाई तीरभुक्ति (तिरहुत) पनि भनिन्थ्यो।

नान्यदेवले थापेको यो राज्य अनेक राज्यहरूको बीचमा रहेकोले अस्तित्वको लागि अनेक किसिमका राजनीतिक गतिविधिमा पर्नु परेको थियो, खास गरी यस राज्यका राजाहरूले बगाल र मगधका सेन र पाल वंशी राजा र पश्चिमतर्फका मुसलमान शासकहरूसँग संघर्ष गरिरहनु-परेको थाहापाइन्छ। त्यस्तै क्रममा कहिले होचिनु पर्ने र कहिले राज-नीतिक उत्कर्ष पनि हुने गरेको थाहापाइन्छ। यसैले आफ्नो समयमा यस राज्यको आफ्नै किसिमको प्रभाव रहेको थियो।

नान्यदेवको यो वंशमा निम्न बमोजिमका जम्मा ७ जना राजा-हरूले क्रमैले राजकाज गरेको थाहापाइन्छः—

राजाको नाम		आनुमानिक शासन–अवधि
१. नान्यदेव	—	ई. १०९७–११३५
२. गङ्गदेव (गङ्गेयदेव)	—	ई. ११३५–११४८
३. नरसिंहदेव	—	ई. ११४८–१२०१
४. रामसिंहदेव	—	ई. १२०१–१२८८
५. शक्तिसिंहदेव	—	ई. १२८८–१३०४
६. भूपालसिंहदेव ७. हरिसिंहदेव	—	ई. १३०४–१३२४

यो राज्यको राजनीतिक महत्त्वको एक पक्षको उल्लेख माथि गरिसकिएको छ। तर नेपालको इतिहास र संस्कृतिको क्रममा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस राज्यको दीगो प्रभाव रहेको अनुमान छ ।

यो कर्नाटवंशको नेपालको राजनीतिक क्षेत्रमा प्रभाव दुई किसिमबाट देखिन्छ । एक त तिरहुततिरबाटै काठमाण्डू उपत्यकामा हस्तक्षेप गर्न आउने र अर्को स्थायी रूपले उपत्यकामै रही राजनीति चलाउनु ।

गोपालवंशावलिमा धेरै ठाउँमा 'डोय' र 'तिरहुतिया' को रूपमा यो राज्य सम्बन्धी घटनाको चर्चा भएको छ । सो स्रोतमा उल्लेख भए अनुसार सो राज्यका राजाहरूले उपत्यकामा गरेको सैनिक हस्तक्षेपको विवरण निम्न बमोजिम छः–

१. ई. ११११ मा तिरहुते (डोय) फौज नेपाल पसेको थियो । यो नान्यदेवको पालाको घटना देखिन्छ ।

२. ई. १२४४ मा कर्नाटवंशी राजा रामसिंह आक्रमण गर्न आए तर असफल भई फर्केका थिए ।

३. ई. १२४६ मा पनि तिरहुते फौज नेपाल पसेको थियो ।

४. ई. १३०० मा फेरि तिरहुतेहरूले नेपाल पसी कर उठाएर लिएका थिए ।

५. ई. १३११ –१२ मा पनि तिरहुतेहरूले नेपाल पसी धेरै गडबडी मचाए र करहरू उठाई लिए । पछि विरोध बढेपछि फर्केर ती गएका थिए ।

उक्त अवधिमा माझ नेपालको राज्यमा राजनीतिक शिथिलता रहेको र यहाँको राजनीति चलाउने २–३ शक्तिशाली वर्ग रहेका थिए । यही समयमा जुम्ला भेकमा खस राजाहरू पनि प्रबल रहेका थिए । खसहरूले पनि माझ नेपालको सम्पन्न र प्रसिद्ध राज्यमा आँखा गाडेका थिए । यहाँको राजनीतिमा संलग्न २–३ वर्गमध्ये एकले तिरहुतेहरूसँग गठबन्धन गर्ने र आर्कोले खसहरूसँग गठबन्धन गरी आफूलाई बलियो पार्ने नीति लिई तिनको फौजसमेत बोलाउने गरेको कुरा गोपालवंशावलिको उल्लेखहरूबाट हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिम्रौनगढको कर्नाटवंशी राजाहरूको नेपालमा परेको राजनीतिक प्रभावको संक्षिप्त चर्चा माथि गरियो। सो बाहेक आर्को किसिमले पनि तिनको प्रभाव नेपालको राजनीतिकमा पर्न आएको देखिन्छ। सो को छोटकरी विवरण तल प्रस्तुत छ।

> जेनवरी ७ ई. १३२६ (वि. सं. १३८२ माघ शुक्ल तृतीया)। तिरहुतका राजा हर्रासहदेवले रैतीहरू जम्मा पारी आफू अघि सरी... मिथिलाबाट डिल्लीका तुरक (गयासुद्दीन तुगलक) माथि जाइलागे। सिम्रौनगढ (तुरकद्वारा प्रत्याक्रमण गरिंदा) ध्वस्त पारियो। तिरहुतका राजा र मन्त्री आदि सबै भागे। केही समयपछि फेरि पसे। सो को केही समयपछि राजग्राम दोलखा (द्वलखा) मा आउँदा टिपाट (तीनपाटन) मा राजा हर्रासहदेवको नै मृत्यु भयो। तिनका छोरा मन्त्री दुबै कैद गरिए परिवार पनि समातियो। तिनले शरण मागे। राजग्रामका मझी भारोले जम्मै धन हात लगाए।~

गोपालवंशावलिको ४६ सौं पत्रको सो टिपोटबाट सिम्रौनगढका राजा हर्रासहदेव ई. १३२६ मा आफ्नो राज्य छोड्नु पर्ने स्थिति परी उत्तरमा नेपालको पूर्वी पर्वतीय क्षेत्रमा दोलखातिर जान लाग्दा बाटैमा तीनपाटनमा मृत्यु भएको तथ्य ज्ञात हुन आउँछ।

गोपालवंशावलिको माथि उद्धृत भनाइबाट हर्रासहदेव आफ्नो राजधानी छोडी दोलखातिर जान भनेर हिंडेकामा दोलखानेर तीनपाटनमा स्वर्ग भएका र सोपछि उनकी रानी, छोरा र मन्त्री तथा अन्य अनुयायी–अनुचरहरूलाई स्थानीय (तिनपाटनमा रहने) भारदारले पक्रँदा तिनले शरण मागे।

~ धनवज्र वज्राचार्य—दोलखाको ऐतिहासिक रूपरेखा, पृ. १९ बाट उद्धृत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत युगको इतिहास जान्ने एक प्रमुख स्रोत गोपालवंशावलि-का अन्य उल्लेखहरूबाट शरणार्थी भएर आएका हरसिंहदेवकी रानीको नाउँ देवलदेवी र छोरा जगत्सिंह रहेको बुझिन्छ। त्यस बेलाको माझ नेपालको शासक वर्गमा गद्दिनशीन अरिमल्ल र तिनका संयुक्त शासक तर बढी शक्तिशाली र हर्ताकर्ता रूद्रमल्लमध्ये पछिल्लाको संरक्षणमा देवलदेवी र जगत्सिंह रहन थालेको थिए।

देवलदेवी र उनका छोरा जगत्सिंहले रूद्रमल्लको आश्रय पाएको ५–६ महिना जति पछि नै रूद्रमल्लको स्वर्गवास हुन गयो। एक मात्र नाबालक सन्तान छोरी नायकदेवीलाई छोडी रूद्रमल्लकी रानी पतिसँगै सती गएकीले ती टुहुरीको पालन पोषण उनकी बज्यै (रूद्रमल्लकी आमा) पद्ममल्ल देवी (पदुमलदेवी) ले गर्न थालिन्। देवलदेवीले पनि ती टुहुरी नायकदेवीको हेरचाह गर्ने गर्दथिन्। पछि यी नायकदेवीको विवाह ई. १३३० मा काशीको राजवंशका हरिचन्द्रलाई यहीं झिकाई गरिदिइयो र उनी घरज्वाई बनी रहन थाले।

तत्कालीन राजनीतिको स्थितिमा रूद्रमल्लले निकै राजनीतिक शक्ति सञ्चित गरेर काम चलाएकाले उनको सेखपछि उनकी आमा पदु-मल्लदेवी र छोरी नायकदेवी महत्त्वपूर्ण हुन गएका थिए। नायकदेवीका पतिका रूपमा हरिचन्द्रले आफूलाई राजनीतिमा हर्त्ताकर्त्ता गराउन खोजे। ई. १३३२ मा पदुमल्लदेवी मरेपछि हरिचन्द्र असहाय भए र यही क्रममा ई. १३३५ मा उनी विरोधी भारदारहरूद्वारा मारिए। नायकदेवी अब देवलदेवीको संरक्षणमा रहन थालिन् र यस्तैमा 'कर्णाट-वंशज' जगत्सिंहले उनलाई पत्नी बनाए। यस रूपमा जगत्सिंहले अब आएर राजनीतिमा अघि बढ्न मौका पाए। आमा देवलदेवी र छोरा जगत्सिंह अब झन् बलिया भएर आए। ई. १३५३ मा लेखिएको यौटा लेखोट पुस्तकमा देवलदेवीलाई 'श्री श्री राजाधिराज परमेश्वर परमभट्टारकराजाभिधावति श्री देवलदेव्या विजयराज्ये' भनेर उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनीतिक महत्त्व व्यक्त गरिएको पाइन्छ। ✲ गोपालवंशावलि (पत्र २८) मा जगत्सिंहलाई 'राज भुंजितम्' पनि भनिएको छ ।

ई. १३४७ मा जगत्सिंह र नायकदेवीले छोरी राजल्लदेवी पाए तर दस दिन मै नायकदेवीको मृत्यु हुन गयो र राजल्लदेवीको हेरचाहा गर्ने काम देवलदेवीले गर्नु परेको थियो । पछि ई. १३५५ मा यिनको विवाह बाहिरबाट झिकाइएका स्थितिमल्लसँग भयो । यिनी स्थितिमल्लले बिस्तारै बिस्तारै सम्पूर्ण राजनीतिक शक्ति एकलौटी पारी आफ्नै वंशको शासन चलाए जो ई. १७६७– छ र सम्म मल्ल राज्यको रूपमा माल्ह नेपालमा खडा रहेको थियो । हर्रासिहदेव जस्ताको छोराको रूपमा जगत्सिंहदेवको एक त पुर्ख्यौली पृष्ठभूमि रहेको थियो र उनी कुलीन क्षत्रियको रूपमा गनिएका थिए । त्यो बाहेक रूद्रमल्लको राजनीतिक र कुलीनताको महत्त्वको प्रतिनिधि गर्ने नायकदेवीको सन्तानको रूपमा राजल्लदेवीको विशेष महत्व रहन गएको थियो । एक किसिमले उनी गद्दीको हकवाला नै बन्न गएकी थिइन् उनी नै शासिकाको रूपमा देखिएकी पनि थिइन् ६

स्थितिमल्ल बाहिरबाट झिकाइएर राजल्लदेवीसँग बिहे गरिएपछि उनी घर ज्वाईं रहे र सम्भवतः उनी 'डोलाजी' प्रथा अनुसार जगत्सिंह कै गोत्रमा लिइएका थिए ।

यही कारणले गर्दा स्थितिमल्लका सबै सन्तानले आफूलाई नान्यदेवको वंशका भनी गर्न गरी आफ्नो वंशावलिको प्रचार गराएका थिए ।

यस रूपमा सिम्रौनगढका कर्नाटवंशी राजाहरूको राजनीतिक

✲ बृहत्सूचीपत्र, वीरपुस्तकालय, भाग–४. पृ. २१९.

६ मोहन प्रसाद खनालले मध्यकालीन अभिलेख, पृ. १४ मा भ. पु. अनन्तलिंगेश्वरमा रहेको मिति जीर्ण भएको एक अभिलेख प्रकाशित गर्नु भएको छ जसमा 'श्री श्री राजल्लदेव्या विजये' लेखिएको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्त्व र त्यसको माऊ नेपालको राजनीतिमा प्रशस्त प्रभाव परेको देखिन आउँछ । राजनीतिक बाहेक सांस्कृतिक दृष्टिले यो वंशको महत्त्व र देनबारे विस्तृत अध्ययन गर्ने सामग्री प्राप्त छन् । ☙ माऊ नेपालमा धार्मिक, सांस्कृतिक र बौद्धिक क्षेत्रमा यी कर्नाट–तिरहुतेहरूको प्रभाव व्यापक छ तुलजा देवीको पूजा–परम्परा यस सन्दर्भमा एक तथ्य हो । मिश्र, झा र अन्य बाहुनहरूले नेपाल उपत्यकामा पसी विविध क्षेत्रमा जुल देन दिइ आएका छन् त्यसको मूल यही कर्नाट–तिरहुतहरूसँगको तिनको सम्बन्धबाट भएको हो भन्ने स्पष्ट छ ।

\+ \+ \+

हरसिंहदेव भागेर पहाडतिर पसेपछि सिम्रौनगढमा उ नै हरसिंहदेवको दरबारसँग सम्वद्ध मैथिल ब्राह्मण 'ओएन ठाकुर' ले ई. १३२६ मा आफ्नो राजवंश चलाएको कुरा मानिन्छ । यसपछि लो क्रममा 'तिरहुत' राज्यको राजधानी सिम्रौनगढबाट फेरिई अन्यत्रै लागिएको जस्तो बुझिन्छ । यसबारे विशेष अध्ययन हुन आवश्यक छ ।

ई. १३३२ मा सो सिम्रौनगढ राज्यका अधिका मन्त्री चण्डेश्वरले कताबाट हो दोलाखानेर पर्ने राजग्राममा कब्जा गरेको उल्लेख गोपालवंशावलिमा गरिएको छ । यो पक्षको स्पष्टीकरण गर्न सकिएको छैन ।

☙ ई. १६६९ को लेले महादेव थानको शिलालेख (मोहन प्रसाद खनाल–मध्यकालीन अभिलेख, पृ. ५१-५२) मा शिवहरि भन्ने एक जनाले शिवहरिश्वर शिवलिङ्ग थापेको बयान नेवारीमा लेखिएको छ । सो विवरणमा ती शिवहरिका ६ पुस्तामाथिका शक्रताजलाई सिम्रौनगढका राजा हरसिंहदेवसँग आएको वंशको भनी लेखिएको छ । यसरी झण्डै साढे तीन शताब्दीसम्म पनि आफूलाई सो कर्नाटवंशसँग सम्बद्ध रहेको भन्ने गर्व गरेको यो यौटा उदाहरण मात्र हो । नेवार समाजमा यस किसिमबाट दावा गर्ने धेरै थर छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिम्रौनगढको विस्तृत ऐतिहासिक–सांस्कृतिक अध्ययन गरिएमा यस्तै अनेक तथ्यहरू स्पष्ट हुने विश्वास गर्न सकिन्छ ।

\+ + +

सिम्रौनगढका कर्नाटवंशी राजाहरूको प्रभावक्षेत्र आर्कोतिर दोलखा जस्तो कुनेसोमा परेको ठाउँसम्म परेको पनि अन्दाजी गरिएको छ। माथि चर्चित गोपालवंशावलिको वक्तव्यमा हरसिंहदेव दोलखा जान हिंडेका भनिएको छ । त्यस भनाईबाट एक जना इतिहासकारलाई यौटा आर्को तथ्यबारे अनुमान गर्ने अवसर मिलेको छ । कि 'दोलखाका प्रशासकवर्गसँग हरसिंहदेवहरूको पहिलेदेखिनै कुनै किसिमको सम्बन्ध रहेको पनि हुन सक्दछ ।⊙ गोपालवंशावलिको उक्त टिपोटमा दोलखा-को पुरानो वा बोलचालीको आर्को रूप 'दूलखा' को उल्लेख भएको छ । गोपालवंशावलिमैं सिम्रौनगढका कर्नाटवंशी राजाहरूलाई 'डो ठाकुर' वा 'डोय' उपाधिको प्रयोग भएको छ ।~ सोही 'डो' वा 'डोय' नै 'द्व' वा 'दो' भई आर्को स्थानीय शब्द 'लखा' सँग मिली सो 'द्वलखा' र दोलखा बन्न आएको जस्तो लाग्दछ । अर्थात् ई ११११ देखि ई. १३११ सम्म कर्नाटवंशीहरूले नेपाल उपत्यकाभित्रसम्म सैनिक अभियान गरेकै वा आर्कै क्रममा पछि दोलखा नामले कहलिने भेकसम्म अभियान गरेको र सो ठाउँमा उपत्यकातिरभन्दा बढी प्रभाव जमाएकाले त्यसको नाउँ पनि सोही वंशको नामले कहलिन थालेको हो जस्तो देखिन आउँछ । यस विषयमा अझ बढी विचार गर्नु पर्ने देखिन्छ ।

×

⊙ धनवज्र वज्राचार्य— दोलखाको ऐतिहासिक रूपरेखा, पृ. १९.
~ धनवज्र वज्राचार्य— पुर्णिमा, ४. पृ. २८, २९.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोलखावारें केही विवरण

वज्राचार्य, धनवज्र— "शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल" पूर्णिमा, अंक–७. पृ. १२–३६.

" — "डोयहरू को हुन् ?" पूर्णिमा, अंक ४. पृ. २०–३१.

" — दोलखाको ऐतिहासिक रूपरेखा त्रि. वि. २०३१, पृ. १८–१९.

खनाल, मोहनप्रसार— "इतिहास संशोधनको केही संशोधन," प्राचीन नेपाल, अंक–१३. कार्तिक, २०२७. पृ. ४५–४७.

" — वाभू तथा राजग्रामको भौगोलिक निर्णय", प्राचीन नेपाल, संख्या–१०. माघ २०२६. पृ. ४८–४९.

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८०६

वर्तमान इतिहासका केही पृष्ठ

१

इतिहासको अध्ययनमा 'वर्तमान इतिहास' वा 'Current History' यौटा महत्त्वपूर्ण पक्षको रूपमा प्रतिष्ठापित भएको छ। नेपाली इतिहासको अध्ययन–मननको प्रारम्भिक स्तरमा अहिले यो विषय शून्य प्राय छ। प्राक्, प्राचीन, मध्य (र उत्तर–मध्य) तथा आधुनिक गरि नेपाली इतिहासको साधारण काल विभाजन गर्दा वर्तमान इतिहास हाम्रो सामु सबभन्दा अघि आउँछ।

इतिहास अध्ययनका तात्कालिक (Instant) लाभ अन्य कालको भन्दा यो वर्तमान इतिहासको बढी स्पष्ट थाहापाउन सकिन्छ जसको व्याख्या गर्न विशेष अवसर चाहिन्छ।

प्रस्तुत लेखमा वर्तमान इतिहास नेपालको सन्दर्भमा सं. २००७ सालदेखि थालिएको मानिएको छ। यो तथ्य सकार्दा धेरै कुराहरूको सामान्य विचार गरिएको छ अन्य अवसरमा यो वर्तमान इतिहासबारे विशेष अध्ययन प्रस्तुत गर्ने आशा गरिएको छ। तल हामीले नेपालको लागि यो नौलो विषय अन्तर्गत केही उल्लेखनीय घटनाहरूको टुक्राटुक्रीको उदाहरण प्रस्तुत गरेका छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

सं. २००७ फागुन २८ गतेको लालमोहर

दुर्गा भवानी

स्वस्तिश्रीगिरिराजचक्रचूडामणि--नरनारायणेत्यादिविविधवीरूदावलीविराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वलनेपालतारा ॐ रामपट्ट अतुखज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणवाहु महाधिपति श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्रम जङ्ग वहादुर शाह वहादुर शमशेर जङ्गदेवानाम् सदासमरविजयिनाम्

आगे अपील तेस्रा का. ई.⊙ का हाकिम शासन चलाउन १० जनाको संयुक्त जिम्मेदारीमा काम गर्ने मन्त्रीमण्डल खडा गरी काम चलाउने हामीबाट २००७ साल फाल्गुन ७ गते शाही घोषणा गरिबक्सेबमोजिम सो मन्त्रीमण्डलमा तपसीलका मन्त्रीमण्डल नियुक्त गरिबक्सेको छ आफ्ना आफ्ना विभागमा परेका काममा जसजसलाई जे जस्तो आडर गर्नुपर्छ गरी कामको रास्रो इन्तजाम मिलाई काम चलाउनु भन्ने लेखिएका मन्त्रीहरूका नाउँमा हामीबाट लालमोहर गरिबक्सेको हुनाले जुन जुन काममा सो सम्बन्ध छ सो सो विभागका मन्त्रीले निकासा दिए बमोजिम गर्ने काम गर।

तपसील

⊙ रेखांकित भाग खाली राखी जुन कार्यालयमा सो लालमोहर पठाइएको हो सोको नाम भर्ने गरिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- श्री ३ महाराज मोहन शमशेर जङ्गबहादुर राणा प्राइम मिनिष्टर परराष्ट्र मन्त्री–१
- श्री मिनिष्टर बबर शमशेर जङ्गबहादुर राणा रक्षा मन्त्री–१
- श्री विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री–१
- श्री सुवर्ण शमशेर अर्थमन्त्री–१
- श्री चूडाराज शमशेर वनविभागको मन्त्री–१
- श्री गणशमान सिङ उद्योग र वाणिज्यमन्त्री–१
- श्री नृपजङ्ग राणा शिक्षामन्त्री–१
- श्री भद्रकाली मिश्र यातायात मन्त्री–१
- श्री यज्ञबहादुर बस्नेत स्वास्थ्य र स्थानीय स्वायत्त शासनमन्त्री–१
- श्री भरतमणि शर्मा खाद्य र कृषिमन्त्री–१

इति संवत् २००७ साल फाल्गुन २८ गते रोज १ शुभम्

टिप्पणी– १९×१५ अंगुलको नेपाली कागतमा ८ अंगुल सिरान खाली छोडी बीचमा लालमोहरको रातो चिन्ह । त्यसपछि राजप्रशस्ति, वक्तव्य र सूची गरी २१ हरप प्रेसमा छापिएको । राजकीय प्रशस्ति सिद्धिएपछि वक्तव्यको देब्रेतिर केही अक्षर छोपिने गरी सानो र बाटुलो कालो छाप छ जसमा "श्री मोहन शमशेर २००?" र त्यसलाई छोएर गरी त्यसमुन्तिर त्योभन्दा ठूलो छापमा "श्री विश्वेश्वर प्रसाद कोइराला २००७" लेखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणा–कांग्रेस मन्त्रीमण्डल– २००७

संरचना तालिम

राणापक्ष

नाम	विभाग
१. मोहन शमशेर ('ए' राणा) प्र. मन्त्री	विदेश
२. बबर शमशेर ('ए' राणा)	रक्षा
३. चूडाराज शमशेर ('बी' राणा)	वन
४. नृपजङ्ग ('सी' राणा)	शिक्षा
५. यज्ञबहादुर बस्नेत)भारदार वर्ग ?)	स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन

कांग्रेस पक्ष

१. विश्वेश्वर प्रसाद कोइराला	गृह
२. सुवर्ण शमशेर	अर्थ
३. गणेशमान सिंह	उद्योग वाणिज्य
४. भरतमणि शर्मा	खाद्य कृषि
५. भद्रकाली मिश्र	यातायात

३

वि. सं. २००८ मङ्सीर १ गतेको शाही घोषणा

श्री:

स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणवाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

आगे हाम्रा प्यारा प्रजाहरू गैह्रके यथोचित । उप्रान्त मन्त्रिमण्डलका पुर्नानिर्माणका लागि दुवै पक्षका मन्त्रीहरू थोडबहुतले सल्लाह दिएकोले,, र, प्रधानमन्त्री महाराज मोहन शमशेर जङ्गबहादुर राणा र अरू मन्त्रीहरूले राजीनामा पेश गरेकाले अहिलेको मन्त्रिमण्डल कायम नरहने भएकोले,

र, यी मन्त्रिमण्डलले काम गरून्जेल निःसन्देह धेरै नै बेस काम गरेको छन् तापनि इच्छामुताबिक उन्नति भएन भन्ने हाम्रो विश्वास छ । हाम्रा प्रजाहरू पनि हामीले चिताए जस्तै सुखी र सन्तुष्ट हुन सकेका छैनन् । हाल हुन आएको परिस्थितिको धेरै कारणमध्ये विभक्त उत्तरदायित्व नै शायद एउटा मुख्य हेतु हो कि भन्ने स्पष्टै देखिएकोले,

र, देशलाई पूर्ण प्रजातन्त्रात्मक ढगमा ढाल्ने वैधानिक सभाले तरजुमा गर्ने विधान अनुसार हाम्रा देशको शासन चलाउने हाम्रो घोषित उद्देश्य हो । विधिपूर्वकको निर्वाचनद्वारा हाम्रो प्रजाको राय निश्चित हुन आउंदा सरकार निर्माण गर्ने कामको अग्रिभारा अधिकांश पक्षका नेता हुन आउनेछ । तर यो वर्तमान परिवर्तनमा लोकप्रिय र जनताको इच्छा अनुसार चल्ने सरकार खडा गर्ने इच्छा हामीबाट गरिबक्सेको छ । विभक्त उत्तरदायित्व तथा आपस्त मतभेद हटाउने र हाम्रा देशको सकभर धेरै आवश्यक कुराको हित गर्ने प्रतिनिधिस्वरूपको सरकार खडा गर्ने हाम्रो चेष्टा छ । हाम्रो मुलुकको असल र हित गर्ने

~ नेपाल गजेट, खण्ड–१. संख्या–१५. मङ्सीर ४ गते २००८. पृ. ९५–९८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारको उत्तरदायित्वको भार पूर्ण तौरले थाम्न सक्ने प्रधानमन्त्रीको नियुक्ति गरिबक्सने हाम्रो इच्छा छ र स्वभावतः यस्तो प्रधानमन्त्रीले धेरैंजसो हाम्रो प्रजाको शुभेच्छा लिन सक्ने हुनुपर्दछ निर्वाचन नहुन्जेल र जनताको राय यसरी निश्चित नहुन्जेल यो आदर्श असल तरिकासँग पूरा गर्न धेरैले रुचाएको सबभन्दा ठूलो संस्थाको नेता हुनु पर्छ भन्ने हामीलाई लाग्छ । हुनसम्म हाम्रा प्रधानमन्त्रीको सल्लाह मुताविक अरु मन्त्रीहरू हामीबाट नियुक्त गरिबक्सने छ । संस्थाहरू छाडेर, महत्त्व भएको विभिन्न सांस्कृतिक र आर्थिक दलहरू तथा क्षेत्रहरू हाम्रो देशमा भएको हुनाले प्रधानमन्त्रीले यो विचार राख्नुपर्छ कि मन्त्रिमण्डल, समाजका धेरैंजसो विभाग र देशका विभिन्न भागहरूको चित्त बुझ्ने किसिमको र ठीक प्रतिनिधिस्वरूपको हुनुपर्छ ।

तसर्थ विभिन्न तत्वहरूसंग सल्लाह गरी सहयोग दिन सक्नेहरूको सहयोग पाई नेपाली कांग्रेसका सभापति श्री मातृकाप्रसाद कोइराला-लाई हाम्रा प्रधानमन्त्रीको पदको अभिभारा दिनलाई यस घोषणाद्वारा हामीबाट आमन्त्रण गरिबक्सेको छ । तपसीलका सदस्यहरूलाई पनि मन्त्रिमण्डलमा हामीबाट नियुक्त गरिबक्सेको छ ।

- मेजर जनरल सुवर्ण शमशेर — मन्त्री
- श्री सूर्यप्रसाद उपाध्याय — मन्त्री
- श्री भद्रकाली मिश्र — मन्त्री
- श्री गणेशमान सिंह — मन्त्री
- जनरल केसर शमशेर — मन्त्री
- श्री महेन्द्रविक्रम शाह — मन्त्री
- मेजर जनरल महावीर शमशेर — मन्त्री
- श्री खड्गमानसिंह — मन्त्री
- मेजर जनरल सारदा शमशेर — मन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- श्री नारदमुनि थुलुङ्ग मन्त्री
- श्री भगवतीप्रसाद सिंह मन्त्री
- कप्तान नरबहादुर गुरुङ्ग उपमन्त्री
- श्री धर्मरत्न उपमन्त्री

हामीबाट पूरा इच्छा गरिबक्सिन्छ कि हाम्रा नयाँ प्रधानमन्त्रीले उदार राजनीतिज्ञताको विचारले यो कर्तव्य पालना गर्नेछन् र मन्त्रिमण्डलमा जनताको निस्पक्षता सद्भावना तथा श्रद्धा रहने किसिमसँग मन्त्रिमण्डलको कार्यसम्पादन गराउन सक्लान् भन्ने हाम्रो पूरा आशा छ ।

जनता सुरक्षा तथा कानून–व्यवस्था कायम रहने गरी जनताका नागरिक हकहरू सकेसम्म चाँडो स्पष्ट र निश्चय गर्न हाम्रो प्रधानमन्त्रीको कर्तव्य हुनेछ । तपसीलका विषयमा सक्रभर चाँडो काम गर्न पनि हाम्रा मन्त्रिमण्डलको कर्तव्य हुनेछ ।

- (क) शासनविभागको प्रभाव बिल्कुल नपर्ने गरी स्वतन्त्र न्यायविभाग खडा गर्ने
- (ख) पब्लिक सर्भिस कमिशनको राम्रो किसिमसँग कार्यसम्पादन गर्ने ।
- (ग) सकभर २००९ साल भित्रैमा वैधानिक सभा खडा हुने किसिमसँग निर्वाचनको चाँडो बन्दोबस्त गर्ने ।
- (घ) पुलीस तथा फौजको पुनःसंगठन र उचित तालीम गर्ने ।

यो कुरा थप्न हामीबाट इच्छा गरिबक्सिन्छ कि हाम्रो भूतपूर्व प्रधानमन्त्री महाराज मोहन शमशेर जङ्गबहादुर राणाले नयाँ परिस्थितिमा आफूलाई मिलाउन साँच्चैनै असाधारण तरिकाले मिली काम गरेको हो । निजले पहिल्यैदेखि पाइराखेको अधिकार तथा शक्ति, र सो शक्तिको अन्त गर्ने आमूल परिवर्तनको विचार गर्दा वदलिरहेको परिस्थितिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिली काम गरेकोमा हामीबाट निजलाई बधाइ बक्सेको छ । अहिले हाम्रो प्रधानमन्त्रीको हैसियतमा नरहे पनि नेपालको उन्नति हुने काममा निजले ध्यान दिइनै रहनेछन् भन्ने आशा हामीबाट गरिबक्सिन्छौं ।

र, हाम्रो नयाँ मन्त्रिमण्डलको सामने आइपरेको ठूलो कार्य-भारमा पूर्ण सहायता तथा सहयोग दिनलाई हाम्रा प्रजावर्गलाई यस घोषणाद्वारा आमन्त्रण गर्छौं । सरकारी कर्मचारीहरूलाई विशेष रूपले होशियारीको केही आदेश गरिबक्सन्छौं । निजहरूले आफूलाई सरकारी कर्मचारी सम्झी नेक नियत तथा अनुकरणीय अदबको पालन गर्नुपर्छ । तिमीहरूले बेहिसाबको व्यवहार गर्नुहुँदैन र हाम्रा प्रजाको सुबिस्ता र भलाईकालागि राम्रो र यत्नपूर्वक काम गर्न पछि नहटी साँच्चिकैको देशसेवक हो भन्ने कुरा आफ्नो काम र स्वभावले जनाउनुपर्छ । प्रजा-तान्त्रिक देशहरूको प्रथामुताबिक यो कुरा स्पष्टै देखिन्छ कि राजनैतिक परिवर्तनको वास्ता नराखी आफ्नो बुद्धिले भेटेसम्म अव्यक्तिगत तरिकाले बफादारी र श्रद्धापूर्वक काम गर्न सबै सरकारी कर्मचारीहरूको बाध्य कर्तव्य हो ।

हाम्रो प्रबल आशा छ कि यी नयाँ परिवर्तनहरू स्वच्छ प्रजातन्त्र, प्रगति तथा संमृद्धितर्फको हाम्रो बाटोमा अर्को कदम हो ।

श्रीपरमेश्वरले हामी र हाम्रा मातहतका अधिकारीवर्गलाई हाम्रा प्रजाको भलाईको निमित्त हाम्रो इच्छाहरू पालना गर्नलाई शक्ति प्रदान गरून् ।

नारायणहिटी दरबार काठमाण्डू

इति सम्वत् २००८ साल मार्ग १ गते रोज ६ शुभम् ।

उपर्युक्त मन्त्रिमण्डलको कार्यविभाजन मन्त्रिमण्डल गठन भएको २ दिनपछि २००८, मङ्सीर ३ गतेको दिन निम्न बमोजिम गरियो※:–

※ नेपाल गजेट, खण्ड–१, संख्या–१५, मङ्सीर ४ गते २००८, पृ. ९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम	विभाग
श्रीमातृका प्रसाद कोइराला प्र. मन्त्री	साधारण राज्य-व्यवस्था र परराष्ट्र मन्त्री
श्रीसुवर्ण शम्शेर जङ्गबहादूर राणा	अर्थमन्त्री
श्रीसूर्यप्रसाद उपाध्याय	गृह र खाद्यमन्त्री
श्रीभद्रकाली मिश्र	यातायात मन्त्री
श्रीगणेशमानसिंह	कृषि, पशुसंरक्षण र भूमिव्यवस्थामन्त्री
श्रीकेसर शमशेर ज ब. रा.	रक्षामन्त्री
श्रीमहेन्द्रविक्रम शाह	उद्योग वाणिज्य र रसदमन्त्री
श्रीमहावीर शमशेर ज. ब. रा.	योजना विकास, खानी वन र विद्युत् मन्त्री
श्रीखड्गमानसिंह	संसदीय प्रवन्ध मन्त्री
श्रीशारदा शमशेर ज. ब. रा	शिक्षामन्त्री
श्रीनारदमुनि थुलुङ्ग	स्थानीय स्वायत्तशासन मन्त्री
श्रीभगवती प्रसाद सिंह	कानून र न्यायमन्त्री
श्रीनरबहादुर गुरुङ्ग	उपमन्त्री
श्रीधर्मरत्न यमी	उपमन्त्री

तर यो कार्यविभाजनमा ३ दिनपछि नै मङ्सीर ६ गते २००८ मा निम्न बमोजिम परिवर्तन गरियो※:–

नाम	विभाग
श्रीमातृकाप्रसाद कोइराला प्र. मन्त्री	साधारण राज्य-व्यवस्था र परराष्ट्र
श्रीसुवर्ण शमशेर ज. ब. रा.	अर्थ

※ नेपाल गजेट, खण्ड–१, संख्या–१६, मङ्सीर ११ गते, २००८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीसूर्यप्रसाद उपाध्याय	गृह र खाद्य
श्रीभद्रकाली मिश्र	यातायात र लोकनिर्माण कार्य
श्रीगणेशमानसिंह	कृषि, पशुसंरक्षण र भूमिव्यवस्था
श्री केसर शमशेर ज. ब. रा.	रक्षा
श्रीमहेन्द्रविक्रम शाह	उद्योग वाणिज्य र रसद
श्रीखड्गमान सिंह	संसदीय प्रबन्ध
श्रीशारदा शमशेर ज. ब. रा.	शिक्षा
श्रीनारदमुनि थुलुङ्ग	स्थानीय स्वायत्तशासन
श्रीभगवतीप्रसाद सिंह	कानून र न्याय
श्रीनरबहादुर गुरुङ	राज्यमन्त्री
श्रीधर्मरत्न यमी	उपमन्त्री

— ४ —

सं. २०१४ माघ २० गते श्री ५ महेन्द्रबाट शाही घोषणाबाट श्री ५ महिला अधिराजकुमार हिमालय वीरविक्रम शाहदेवको अध्यक्षतामा निम्न ४ जना सदस्य भएको योजना–मण्डल (Planning Commission) को गठन भयो:–

१. श्री ज. किरण शम्शेर राणा,	उपाध्यक्ष
२. श्रीकुलनाथ लोहनी	सेक्रेटरी
३. श्रीभीमबहादुर पाण्डे	सदस्य
४. श्रीजनकराज श्रेष्ठ	सदस्य

यसै समयमा योजना–मण्डल अन्तर्गत निम्न २० विषय–समिति-हरूको पनि गठन भएको थियो :–

१. कृषि	११. नहर
२. वन	१२. सञ्चार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. स्वास्थ्य	१३. प्रचार
४. ग्रामविकास	१४. तालीम
५. स्थानीय स्वायत्त शासन	१५. शिक्षा तथा अनुसन्धान
६. उद्योग	१६. तथ्याङ्क
७. वाणिज्य र बैंक	१७. प्रोग्राम तथा प्रोग्रेस
८. खनिज तथा भूगर्भ	१८. अर्थ
९. सर्भे	१९. प्रशासन
१०. विद्युत	२०. यातायात

— ५ —

सं २०१७ पुस १ गते

सं. २०१७ पुस १ गतेको शाही घोषणा [१]

स्वास्तिश्रीगिरिराज-चक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ओम् रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्ति-पट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम् ।

आगे प्यारा प्रजा गैह्लको यथोचित

जनताले छानेका प्रतिनिधिहरूले नै देशप्रति ज्यादा जिम्मेवारी महसूस गरी प्रजातन्त्रको जग मजबूत हुने वातावरण पैदा गर्नेछन् र देशमा स्थिरता आई बिकास द्रुतगतिले हुन्छ भन्ने विश्वास लिई करीब

---

[१] नेपाल गजेट: भाग–१. खण्ड–१०. अतिरिक्तांक–१७. पुस १ गते, १०१७. पृ. १–३.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२ वर्ष अघि देशमा आम-चुनाउ गराएको सबैमा विदितै छ। फलस्वरूप नेपाली कांग्रेस बहुमतमा आयो र जनताको विश्वास प्राप्त गरेको पार्टीलाई नै संविधान अनुसार शासन भार सुम्पी देशप्रतिको जिम्मेवारीको हिस्सेदार बनाउन पाउँदा अत्यन्तै सन्तोष लाग्नुको साथै केही वर्षदेखि देशमा भएको अस्थिरताले हामीमा पैदा गरेको चिन्ता हराउनु पनि स्वाभाविकै कुरा भएको थियो।

त्यसपछि देशमा घटेको परिस्थितिको अध्ययन गरी हामीबाट समय समयमा जनप्रतिनिधिहरू र सरकारमा रहेका व्यक्तिहरूलाई समेत कर्तव्यबाट च्युत नहुने संकेत गरेको कुरा पनि सबैले सम्झेकै हुनुपर्छ। प्रजातन्त्रपद्धति अनुसार छानिएका प्रतिनिधिहरूद्वारा जनता र सरकारको बीचमा भएको भ्रमात्मक वातावरण राम्रोसँग सुल्झाई राष्ट्रको हित र विकास गर्ने पूरा कोशिश हुनेछ भन्ने सबैले आशा एवं विश्वास राखेका थिए, तर ठीक त्यसको उल्टो प्रजातन्त्रपद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थपूर्ति गर्नका लागि अधिकार प्रयोग गरियो।

ऐन कानूनको मर्यादा नराखी छिटो छरितो र योग्य बनाउने नाममा यो मन्त्रिमण्डलले देशको प्रशासन-यन्त्र निष्क्रिय र आधारहीन बनाउने चेष्टामा लाग्यो। अधिकार दुरुपयोग हुँदा भ्रष्टाचार बढ्नको साथै अनेकन भ्रान्ति पैदा गराई प्रशासन यन्त्रमा पनि शिथिलता उत्पन्न भै देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रिमण्डल बिलकुल असमर्थ भएकोले, र अराष्ट्रिय तत्त्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको तथा वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको अध्ययन बिना कोरा सिद्धान्तका आधारमा उठाइएका आर्थिक कदमहरूले समाजमा चाहिने परिवर्तनको सट्टा जनतामा अशान्त र दूषित वातावरणमात्र पैदा गरेकोले,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रको हित तथा प्रजातन्त्रकै निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिनु उचित नभएकोले, देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने, देशमा अमन चैन कायम राख्ने र देशलाई कुनै कारणबाट पनि बिग्रंदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमै भएकोले,

उपरोक्त वातारण हटाई शान्ति सुरक्षा कायम राख्न र देशलाई संक्रमण स्थितिबाट बचाउन विशेष व्यवस्थाको जरूरत पर्न आएकोले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रिमण्डल र यो घोषणाद्वारा विघटन गरिबक्सेकाछौं । कुनै नयाँ व्यवस्था गर्न केही समय लाग्ने हुँदा अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेकाछौं ।

हाललाई यस घोषणाद्वारा संविधानका देहायका धाराहरू निलम्बन गरिबक्सेका छौं :–

भाग २ (दुई) का सबै धाराहरू ।
भाग ३ (तीन) का सबै धाराहरू ।
भाग ४ (चार) का धारा ११ (एघार) बाहेक अरू सबै धाराहरू ।
भाग ५ (पाँच) को धारा ५५ (पचपन्न) बाहेक अरू सबै धाराहरू ।
भाग ९ (नौ) को परिच्छेद ३ (तीन) तर धारा ७३ (त्रिहत्तर) बाहेक, र
भाग १० (दश) का सबै धाराहरू ।

यस व्यवस्थाबाट सरकारी जङ्गी तथा निजामती कुनै कर्मचारीहरूले आफ्नो जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अलमलिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दैन र सबैले आफ-आफ्ना स्थानबाट आफ्न कर्तव्य पालन गर्नेछन् र साथै सबै देशवासीहरूको सदिच्छाले नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास लागेको छ।

परराष्ट्र विषयमा हामीले दृढतापूर्वक आफ्नो तटस्थता अपनाई सबै मित्र राष्ट्रहरूसँग मित्रताको नीतिनै कायम राख्ने छौं र हामी देशमा र विश्वभर शान्ति र मित्रताको कामना गर्दछौं।

श्रीपशुपतिनाथले देश र जनताको कल्याण गरुन्।

जय नेपाल!

राजदरवार
काठमाडौं।
२०१७।९।१५

६

पूस १२ गते सं. २०१७

पूस १२ गते सं २०१७ को दिन शाही घोषणाद्वारा श्री ५ महेन्द्र-बाट आफ्नै अध्यक्षतामा निम्न बमोजिमको मन्त्रिमण्डल गठित भयो ✗:–

१. श्री तुलसी गिरी	मन्त्री
२. श्री विश्वबन्धु थापा	मन्त्री
३. श्री ऋषिकेश शाह	मन्त्री
४. श्री सूर्यबहादुर थापा	मन्त्री
५. श्री अनिरुद्धप्रसाद सिंह	मन्त्री
६. श्री नागेश्वरप्रसाद सिंह	सहायकमन्त्री
७. श्री खगेन्द्रजङ्ग गुरुङ्ग	सहायकमन्त्री
८. श्री काजिमान लिम्बू	सहायकमन्त्री
९. श्री भुवनलाल प्रधान	सहायकमन्त्री

✗ नेपाल गजेटः भाग–१. खण्ड–१०. संख्या–३५. पूस १२ गते २०१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूस २२ गते २०१७

पूस २२ गते सं. २०१७ को दिन श्री ५ महेन्द्रबाट शाही घोषणामा देशको भावी राजनीतिक स्वरूपबारे निम्न वक्तव्य प्रसारितः–

देशको सर्वतोमुखी विकास तथा निर्माणको निम्ति आज एउटा नयाँ शक्तिको मूल फुटाउन परेको छ जसले हाम्रो शताब्दीदेखिको दरिद्रता, अज्ञानता र पिछिडिएको अवस्थालाई हटाई यही नेपालको माटोमा जरा हाल्न सक्ने किसिमको यहाँकै हावापानी सुहाउँदो प्रजातन्त्रको बिरुवा फुलाउन र फलाउन सकोस् । पञ्चायत पद्धतिनै प्रजातन्त्रको जग भएकोले र माथिबाट लादिएको प्रजातन्त्र देशको अनुभवबाट अफाप सिद्ध भएकोले हामीले अब प्रजातन्त्रको जग तलबाटै बलियो तुल्याउँदै लैजानु परेकोछ । स्थानीय स्वायत्त शासनका संस्थाहरूद्वारा जनतालाई प्रशासनमा सरीक तुल्याई ग्राम पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायतको विकास गरी देशको समस्या र प्रगतिमा जनतालाई अभिरुचि लिन सक्ने तुल्याउने हाम्रो ध्येय भएकोले अहिलेसम्मन् राजनैतिक दलहरूमा लागेका व्यक्तिहरूले पनि विभिन्न तहमा यो नव–जागृतिको लक्ष पूरा गर्ने काममा भाग लिनेछन् भन्ने हाम्रो आशा एवं विश्वास छ । यो नव–जागृतिको लहरबाट उत्पन्न हुने जन–शक्ति वा राष्ट्रिय शक्तिलाई यता उति छरिन नदिई हामीले यसको राम्रो सञ्चय गर्नुपर्छ ।✻

✻ नेपाल गजेटः भाग–१. खण्ड–१०. संख्या–३५. अतिरिक्तांक–२०. पूस २२ गते २०१७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्सिर १५ गते सं. २०३३

उक्त मितिमा निम्न बमोजिमको मन्त्रिमण्डल गठितः–

१. डा. तुलसी गिरी	– प्रधानमन्त्री, राजदरबार सम्बन्धी र रक्षा ।
मन्त्री	
२. श्रीखड्गबहादुर सिंह	खाद्य, कृषि तथा सिंचाई र भूमिसुधार
३. श्रीकृष्णराज अर्याल	परराष्ट्र
४. श्रीजोगमेहेर श्रेष्ठ	कानून तथा न्याय, शिक्षा र संचार
५. श्रीभोजराज घिमिरे	गृह र पञ्चायत
६. डा. भेषबहादुर थापा	अर्थ र सामान्य प्रशासन
राज्यमन्त्री	
७. श्रीहरिश्चन्द्र महत	जल–विद्युत्
८. श्रीमती सुशीला थापा	स्वास्थ्य
९. श्रीबालाराम घर्ती मगर	निर्माण तथा यातायात
१०. श्रीभोलानाथ झा	वन
११. डा रामप्रसाद राजवाहक	उद्योग वाणिज्य
सहायक मन्त्री	
१२. श्रीभीमप्रसाद गौचन	वन
१३. श्रीलवरू राना थारू	भूमिसुधार
१४. श्रीहीरालाल विश्वकर्मा	शिक्षा
१५. श्रीमानबहादुर जवेगु	सामान्य प्रशासन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

–९–

पूस ११ गते २०३३

उक्त मितिमा राज्यमन्त्री डा. रामप्रसाद राजवाहकको राजीनामा स्वीकृत ।

–१०–

भदौ १६ गते २०३३

मङ्सीर ५ गते २०३२ (डिसेम्बर १, १९७५) मा गठित मन्त्रिमण्डलमा बीचमा एक जना राज्यमन्त्री हटेपछि भदौ १६ गते २०३३ (सेप्टम्बर १, १९७६) मा दुई नयाँ मन्त्री श्रीरवीन्द्रनाथ शर्मा र श्रीपीताम्बरध्वज खाती थपिई निम्न बमोजिमको मन्त्रिमण्डल गठित भयो:–

नाम	विभाग
१. डा. तुलसी गिरी	राजदरवार सम्बन्धी र रक्षा
मन्त्री	
२. श्रीखड्गबहादुर सिंह	खाद्य, कृषि तथा सिंचाई तथा भूमिसुधार
३. श्रीकृष्णराज अर्याल	परराष्ट्र
४. श्रीरवीन्द्रनाथ शर्मा	कानून तथा न्याय र संचार
५. श्रीभोजराज घिमिरे	गृह-पंचायत
६. डा. भेषबहादुर थापा	अर्थ र सामान्य प्रशासन
७. श्रीपीताम्बरध्वज खाती	स्वास्थ्य
राज्यमन्त्री	
८. श्रीहरिश्चन्द्र महत	जल विद्युत
९. श्रीबालाराम घर्ती मगर	निर्माण तथा यातायात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. श्रीभोलानाथ झा — वन
११. डा. हर्कबहादुर गुरुङ — उद्योग वाणिज्य र शिक्षा

सहायक मन्त्री

१२. श्रीडिल्लीशेर राई — गृह-पञ्चायत
१३. श्रीभीमप्रसाद गौचन — वन
१४. श्रीलवरु राना थारु — निर्माण तथा यातायात
१५. श्रीहीरालाल विश्वकर्मा — शिक्षा
१६. श्रीडम्बरबहादुर मल्ल — खाद्य, कृषि तथा सिंचाई
१७. श्रीमरीचमान सिंह — भूमिसुधार
१८. श्रीशमसुल हक — जल विद्युत्

– ११ –

जेष्ठ ४ गते २०३४

तत्काल कायम मन्त्रिमण्डलमा निम्न बमोजिमका मन्त्री, राज्य-मन्त्री तथा सहायक मन्त्री थप :–

मन्त्री

१. श्रीजोगमेहेर श्रेष्ठ
२. श्रीहरिबहादुर बस्नेत

राज्यमन्त्री

३. श्रीपद्मसुन्दर लावती
४. श्रीपशुपति शमशेर ज. ब. रा.

सहायक मन्त्री

५. श्रीगोपालचन्द्र राजवंशी

– १२ –

असार ३ गते २०३४

१. मन्त्रिमण्डल र गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समिति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को अध्यक्ष पदबाट मन्त्री श्रीखड्गबहादुर सिंहद्वारा राजीनामा प्रस्तुत तथा स्वीकृत ।

२. गा. फ. रा. अ. केन्द्रीय समितिको अध्यक्ष पदमा श्रीविश्व-बन्धु थापा नियुक्त ।

— १३ —

भदौ २७ गते २०३४

उक्त मितिमा अघिल्लो मन्त्रिमण्डल विघटित भई निम्न बमोजिम-को मन्त्रिमण्डल गठित :—

(१) श्रीकीर्तिनिधि विष्ट प्रधानमन्त्री — राजदरबार सम्बन्धी तथा रक्षा मन्त्रालय

मन्त्रीका नाम	विभाग
१. श्रीखड्गबहादुर सिंह	गृह-पञ्चायत
२. श्रीरवीन्द्रनाथ शर्मा	खाद्य-कृषि र सिंचाइ
३. श्रीहरिबहादुर श्रेष्ठ	सञ्चार
४. श्रीहोमबहादुर श्रेष्ठ	कानून तथा न्याय
५. श्रीकृष्णराज अर्याल	परराष्ट्र
६. श्रीदामोदर शम्शेर ज. ब. राणा	विना विभाग
७. श्रीभेषबहादुर थापा	अर्थ
८. श्रीपीताम्बरध्वज खाती	उद्योग-वाणिज्य

राज्यमन्त्रीका नाम	विभाग
९. श्रीजनकबहादुर शाहा	भूमिसुधार
१०. श्रीपद्मसुन्दर लावती	स्वास्थ्य
११. श्रीबालाराम घर्तीमगर	निर्माण-यातायात
१२. डा. हर्कबहादुर गुरुङ	पर्यटन
१३. श्रीपशुपति शम्शेर, ज. ब. राणा	शिक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. श्रीप्रकाशबहादुर सिंह	वन
१५ श्रीभद्र शर्मा	सामान्य प्रशासन
१६. श्री डी. पी अधिकारी	जल-विद्युत्
सहायक मन्त्रीका नाम	विभाग
१७. श्रीहीरालाल विश्वकर्मा	शिक्षा
१८. श्रीडम्बरबहादुर मल्ल	गृह-पञ्चायत
१९. श्रीमरीचमान सिंह	भूमिसुधार
२०. श्रीसमशुल हक	जल-विद्युत्
२१. श्रीगोपालचन्द्र राजवंशी	उद्योग-वाणिज्य
२२. श्रीधरशम्शेर ज. ब. राणा	रक्षा
२३. श्रीराजदेव गोइत	खाद्य-कृषि तथा सिंचाइ
२४. श्रीभीमबहादुर बुढायोकी	गृह पञ्चायत

—:●:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन

खण्ड–६

नेपाली विद्वत्ताको सन्दर्भमा मध्य र मल्लकालीन संस्कृत पद्य रचनाका केही झिल्का

नेपाली संस्कृति र सभ्यताको चारित्र्यको एउटा टड्कारो पक्ष बौद्धिकतामा रहेको देखिन्छ। बौद्धिकता वा बुद्धिवाद वा भनौं ज्ञानवादलेनै गर्दा हाम्रो संस्कृति र सभ्यताको यौटा विशिष्ट गुण चहकिलो रूपले स्पष्टिन्छ। तर ऐतिहासिक सन्दर्भमा यो कुराको व्याख्या र विश्लेषण गर्ने काम अहिलेसम्म हुन पाएको छैन जो हाम्रो आजको बौद्धिक वातावरणकै अभाव-पक्षको रूपमा पनि उभिन आइपुगेको छ। विद्याको क्षेत्रमा लागेकाहरूले यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन आउँछ।

नेपाली इतिहासको प्रसिद्ध काल लिच्छविकालको बौद्धिक पक्ष सम्बन्धी वा साहित्यिक पक्ष सम्बन्धी छोटकरीनै भए पनि चर्चा भएको छ। हेर्नु–लेखककै लिच्छवि संस्कृति)। त्यसपछिका युगको साहित्य र साहित्यकारबारे नगण्य रूपमा मात्र चर्चा भएको पाइन्छ। यस लेखमा मध्य र मल्लकालमा मात्र नेपालमा भएको साहित्यिक गतिविधिहरूबारे ज्यादै छोटकरी रूपमा मात्रै भए पनि केही विवरण प्रस्तुत गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छविकाल भनिने करीब ९ शताब्दी अर्थात् ईस्वीको प्रथम शताब्दीतिरदेखि ईस्वीको नवौं शताब्दीसम्मको कालावधि र प्रस्तुत लेखले ओगट्ने कालावधि पनि उत्तिनै अर्थात् नौ शताब्दी (ईस्वीको दशौं शताब्दीदेखि अठारौं शताब्दी नै रहेको देखिन्छ। तर सामग्रीप्राप्तिको दृष्टिले लिच्छविकालकै शुरूका ५ शताब्दी जतिको समयको ऐतिहासिक सामग्री पाइँदैन र त्यस्तै मध्यकालका पनि थालनीका केही शताब्दीका सामग्री पनि पाइँदैनन्। तैपनि मध्य र मल्लकालको जम्मा हिसाव गर्दा साहित्यिक रचनाहरू र रचनाकारहरूको संख्या बेगिन्ती छ भन्न सकिन्छ।

प्रस्तुत लेखमा मध्य र मल्लकालका (ई. ९०० तिरदेखि ई. १७६९ सम्म) शिलालेख सामग्रीहरूमा सुरक्षित संस्कृत पद्य रचनाहरूका केही उद्धरणहरू प्रस्तुत छन्। तर यहाँ यस सन्दर्भमा केही महत्त्वपूर्ण पक्षहरूको चर्चा यस अध्ययनको पृष्ठभूमिको रूपमा गरिन्छः—

१. लिच्छविकालमा प्रतिष्ठापित (?) संस्कृत भाषा क्रमशः नेपालका राजधानी वाहिर क्षेत्रहरूमा पनि फैलिने काम यस युगमा हुन गयो। साहित्यिक अभिव्यक्तिको उच्च र सुसंस्कृत माध्यमको रूपमा संस्कृतको मान्यता अघिझैं कायम रहिरह्यो।

२. मध्यकाल र मल्लकालमा मौलिक दार्शनिक ग्रन्थ र कर्मकाण्ड तथा अन्यान्य उपयोगी ग्रन्थ पनि तयार पारिन्थे। मौलिक नाटक, स्तोत्र, काव्य र महाकाव्यहरूको रचना पनि गरिन्थे।

३. ई. १६०० तिरदेखि मल्ल राजाहरूले आफैं वा आफ्ना पण्डितहरूद्वारा संस्कृत, नेवारी र मैथिल भाषाका मिश्रित गीति-नाटकहरूको प्रचुर रचना गरे। यसै समयतिर अघि केही सीमित अंशमा चलेको संस्कृत ग्रन्थहरूको नेवारी अनुवाद गर्ने चलन प्रशस्त भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. ई. १३७२ को सिम्भू अभिलेख❦का अज्ञात रचनाकार संस्कृतमा राम्रो कलम चलेका मानिस देखिन्छन्। उनले यो अभिलेखको लागि रचेका राम्रा अंश यहाँ उध्दृत छः–

श्रीकाष्ठमण्डपपुरी विमलातिरम्या
तस्यां जयी वसति वीर्यगुणैरुदारः।
श्रीराहर्ष इति सर्वजनप्रणीतः
पात्राऽन्वयामृतकरः सुविशालकीर्तिः॥
तस्य श्रीरणदेव इत्यवरजः श्रीरुद्रदेवानुजः
ख्यातास्त्येव समस्तशुद्धचरितो वीरः प्रतापोज्ज्वलः।
ताभ्यां सार्द्धमतो विजित्य च रिपून् सत्कीर्त्तिकान्तद्युतिः
तस्मिन्नेव पुरे मनोहरतरे श्रीराजहर्षः स्थितः॥

\+ \+ \+

मोदन्तां भवसङ्कटे निपतिताः त्यक्त्वा जना दुर्गति
निःशेषारिजित महीं च सकलां रक्षन्तु भूमीश्वराः।
मेघैरम्बुधरैः धरां वसुमतीं पूर्यन्तु तोयैस्सदा
यत्पुण्योपचयैर्लभन्तु कृतिनः सम्बोधिलक्ष्मीपदम्॥

उक्त अज्ञात लेखक कविका रचनामा कान्तिपुरका तत्कालीन शासकहरूको बयान पनि टाकटुक जोडेर तयार पारिएको छ तर त्यस अंशमा काष्ठमण्डप शहरको चर्चा परेकोले केही गहकिलो पनि भएको छ। तर महायान बौद्धधर्मको सिद्धान्त अनुसार सबै प्राणीप्रति शुभकामना व्यक्त गर्न रचिएको तल्लो उद्धरण विशेष राम्रो भएको हामीलाई लाग्दछ।

२. ई. १३८२ को इटमवहाल काठमाडौंको शिलालेख✗का

❦ डि.र. रेग्मी–मडीभल नेपाल, भाग–३. कलकत्ता, १९६६. पृ. २१–२४.
✗ ऐजन, पृ. २५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञात रचनाकारले पशुपतिको स्तुति पनि हालीदिएकामा महत्त्व देखिएको छ । सो स्तुतिश्लोकमा भगवान् पशुपतिको माहात्म्य बताइएको छः–

नेपालाधिपतिःपतिः प्रभुः पशुपतिः भूतेशगौरीपतिः
संवासो सुरदीर्घिका भगवती श्रीवाग्मतीकूलके ।।
स्थूलः सूक्ष्मपरातरान्तरगतः सुद्धांशगः श्रीशिवः
नित्यं राजति भुक्तिमोक्षफलदः श्रीशंकरो शंकरः ।।

बुद्धधर्मको त्रिरत्नको वन्दना गरी थालिएको यो शिलालेखमा पशुपतिको यो स्तुति राखिनुनै यौटा महत्त्वपूर्ण ऐतिहासिक तथ्य प्रमाणित भएकोछ । साथै पशुपतिलाई नेपालका मालिक र वाग्मतीलाई स्वर्गङ्गा भनिएकोमा देशगौरवलाई पनि प्रतिष्ठापित गरिएको हामीलाई लाग्दछ ।

३. ई. १३८८ को देउपाटनमा रहेको स्थितिमल्लको अभिलेख✗ विष्णुब्रह्म नामका बाहुनले रचेको देखिन्छ । सो लेख संस्कृत पद्यमै लेखिएको छ जसमा स्थितिमल्लको परिवारको विशेष बयान गरिएको छ । व्यक्तिहरूको बयानमा लेखकले विशेष चमत्कार देखाउन सकेका छैनन् । यो लेखको सबभन्दा राम्रो श्लोक तल उध्दृत चाहिं हो जसमा सर्पै मानिसहरू प्रति कल्याणकामना गरिएको छः–

सर्वे सन्तु वसुन्धराधिपतयः षड्वर्गशत्रुच्छिदो ।
विप्रा वेदपरा भवन्तु सुधियः सन्तु प्रवृद्धाः प्रजाः ।।
काले सन्ततवर्षिणश्च जलदाः सम्पूर्णशस्या मही ।
भूयाद्देवगणाः सदाहुतहविर्गृहणन्तु यज्ञानले ।।

४. यक्षमल्लको पालाको ठीमीको ई. १४४१ को अभिलेखमा संस्कृत र नेवारी दुवैको प्रयोग भएको छ र यसका रचयिता अभयराज रहेका देखिन्छन् ।⊙ यस लेखको मङ्गलाचरणको निम्न श्लोक निकै

✗ ऐजन, पृ. २९.
⊙ ऐजन, पृ. ६१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो लाग्दछ :–

गौरीशं चन्द्रमौलिं सकलगुणमयं शङ्करं लोकनाथं ।
त्रैलोक्ये रत्नरूपं सुरनरमुनिभिः पूजितं दैत्यनाथैः ।।
धर्म्मस्थं नागहारं गणगुरुजनकं(?)मङ्गलं नीलकण्ठं ।
देवं श्रीव्योमकेशं त्रिनयनविदितं लिङ्गमूर्त्तिन्नमामि ।।

५. यक्षमल्ल राजाले भक्तपुरमा एउटा मन्दिर थापेको संस्मरण लेखिएको ई. १४४१ को अभिलेखको आधा जति भाग संस्कृत गद्य पद्यमा र आधा नेवारी गद्यमा लेखिएको छ ।⊃ अभिलेख जीर्ण अवस्थामा छ तर बाँकी भाग हेर्दा संस्कृत गद्य र पद्य निक्कै प्रौढ र प्राञ्जल रहेको बुझिन्छ । खण्डित रूपकै भए पनि उद्धरण प्रस्तुत छ ।

गद्य– स्वस्तिश्रीभगवतःश्रीश्रीपशुपतेः पादपंकजरेणुरंजितपादपीठवरलब्धप्रसादसंभूतप्रभूतवसुविभ्राज्यमान ...... राज्यलक्ष्मीक नृपनयनीतिविद्यातर्क्कछन्दव्याकरणादिवेदाभ ...नानाविधग्धविद्याधरमहाचातुर्य्यमाहात्म्यगुणगम्भीरप्रतिभाशेषभूपसामन्त ... नादिश्रुतकपालकुण्डलश्रवणा ... प्रांशुप्रमत्तवलपौरूषवैगणाख्यदावानलनगरनागरीकलकामिनीकन्दर्पवृहत्कीर्त्ति ... जययक्षमल्लदेव ... ।

पद्य– क. आकाशगंगा ईव दीर्घरेखा दीर्घायुषवर्षसहस्त्रसंख्या, ख, यावन्नेपालखण्डे वसति पशुपतिर्वासुकी वाग्मतिस्थे ।

६. पाटनका शासक विष्णुसिंहले सुनागुठी भृंगारेश्वरको मन्दिर बनाएको उपलक्ष्यमा लेखाइएको ई. १५५४ को त्यहीं रहेको शिलालेख✕ संस्कृत पद्यै पद्यले भरिएको छ । अत्यन्त ललित पद्यहरूले भरिएको यो अभिलेखलाई हामीले लघुकाव्य नै भने अत्युक्ति नहोला जस्तो लाग्दछ । अज्ञात कविको यो 'लघु काव्य' का केही अंश तल सारिएका छन्:–

⊃ ऐजन, पृ. ६४ ६५
✕ डि. र. रेग्मी–मेडीभल नेपाल, भाग–४. पृ. १३–१६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. श्रीपञ्चाननपञ्चसायकमहामातङ्गपञ्चानन-
ब्रह्मोत्तंसमरीचिमांसलपदाम्भोजाय तुभ्यन्नमः ।।
तुभ्यन्नाथ नमोनमः पशुपते ! शीतांशुचूडामणे !।
कल्याणं कुरु विष्णुसिंहनृपतेः ... ... ।।

२. विशां वंशे भूषा जितसकलदोषा नहि मृषा
कृताभाषाशेषाऽनुपमगुणकोषाकृतमखा ।।
यथार्थाव्याख्यातानृपकुसुमसिंहस्य महिषी
जयल्लक्ष्मील्लक्ष्मीप्रतिकृतिरियं यस्य जननी ।।
जयति जयतलक्ष्मीर्याचिकाभीष्टलक्ष्मी-
र्ललितनगरपारावारसञ्जातलक्ष्मीः ।।
कुसुमनृपतिलक्ष्मीर्विश्वविख्यातलक्ष्मी-
र्ज्जननभुवनलक्ष्मी विष्णुसिंहेश्वरस्य ।।

३. क. प्रादुर्भूय ततो विभर्त्ति वसुधा श्रीविष्णुसिंहो नृपः ।।
ख. चञ्चङ्गीतिविचित्ररीतिवहलस्फीतिक्वणत्कङ्कणां ।
नृत्यन्तीं रसनाङ्गणे भगवतीमालोकितुं भारतीः ।।
नाभौ पद्मसमुद्भवो हृदि हरिर्भाले भवानीपतिः
चक्रे यस्य चिराय दर्शितसमुल्लासो विलासोत्सवम् ।।

४. श्रीविष्णुसिंहनृपरत्ननियोगसिद्धप्रासादरत्नसिंह राजति शंकरस्य ।
हेमाचलैककुचसञ्जनितापृथिव्याः शान्तिङ्गता किल नितान्तम-
कान्तिरेवा ।।

७. पाटनका शासक तथा विष्णुसिंहका छोरा पुरन्दर सिंहले पाटनमा विष्णुको मन्दिर बनाएको उपलक्ष्यमा लेखिएको ई. १५६४.को अभिलेख~~ पनि विष्णुसिंहको भृंगारेश्वर मन्दिरको अभिलेखझैं काव्यात्मक छ ।

~~ ऐजन, पृ. २१–२३.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस अभिलेखमा अज्ञात कविले पुरन्दरसिंहका बराजु कीर्त्तिसिंह-को बयानमा कति चमत्कार देखाएका छन् । हेरौं–

यत्कीर्त्या विमलीकृतं त्रिभुवनं लोकोत्तरं राजते ।
यत्पादातपद (?) प्रहारवशतो भूमिर्म्मुहुः कम्पते ।।
यत्तोजस्तपनोदयस्तमक्रमन् भूपालवृन्देन्दवः ।
सोभूद्भूतलभूषणो विजयवान् श्रीकीर्त्तिसिंहो नृपः ।।

विष्णुसिंहको बयानमा पनि अज्ञात कविले उस्तै चमत्कार देखाएका छन्:–

दुष्टान्दण्डयितुं द्विषो दमयितुं त्रातुं सुहृत्सज्जनान् ।
भूमिं भूषयितुं तनः समयितुं कर्तुं व्यवस्थां सतीम् ।
विद्वांसो न मयन्ति भूपतिगजान् यत्कीर्त्तिकाव्यांकुशैः
यं दीनःकलिकमेत्य (?) न दधुः कर्ण्णस्य कर्ण्णे कथाम् ।।

पुरन्दर सिंहके बयानमा पनि कविले सीपै देखाएका छन्:–

श्रीमच्छ्रीलपुरन्दरो विजयते लोकोत्तरश्चन्द्रवत् ।।
अहंकृतवसुन्धराधिपमहेभमूर्धांकुशो ।
महाकुलिशपञ्जरः शरणसंगतः क्ष्माभृताम् ।।
पदच्युतमहीपतिस्वपदरंक्षणे पण्डितः ।
पुरन्दरनरेश्वरो जयति विप्रकल्पद्रुमः ।।

८. पाटनका शासक विष्णुसिंहका आर्का छोरा उद्धवसिंहले पाटनमा विष्णुको मन्दिर बनाएको उपलक्ष्यमा लेखाएको ई. १५६९ को अभिलेख(*) पनि माथि चर्चित विष्णुसिंह र पुरन्दरसिंहका अभि-लेखझैं काव्यात्मक छ । यो अभिलेखको मंगलाचरण श्लोकनै कति छरितो सजिलो र मीठो छ हेरौं–

(*) ऐजन, पृ. २३–२७. अभिलेख संग्रह, भाग–१०. पृ. ४–६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कन्धारूढसुपर्णं
त्राणितशीर्णं भवाब्धिभयतीर्णम् ।।
मणिमयकुण्डलकर्णं
परमानन्दं भजे तमालवर्णम् ।।

विष्णुसिंहको बयानमा पनि यस अभिलेखका अज्ञात कविले उल्लेखनीय कल्पनात्मक चमत्कार प्रस्तुत गरेका छन्:–

श्रीलक्ष्लीपतिपादपद्मममधुपोवैदग्ध्यनिश्रामभूः ।
रत्नं भूवलयस्य भूपनिवहप्रत्यक्षदेवत्रयी ।।
विद्वेषिद्विपखण्डखण्डनविधौ प्रोद्दण्डसिंहक्रमः ।
पुत्रोस्य निजलीलया समजनि श्रीविष्णुसिंहो नृपः ।।
मौलौ यस्य च पुण्डलीकसततं लक्ष्मी सदा लोचने ।
गोविन्दो हृदयाम्बुजे करतले कल्पद्रुमो वर्तते ।।
पादाब्जे बहुराजलक्षणयुतः श्रीरामभक्तः सदा ।
नेपालैकशिरोमणिः समजनि श्रीविष्णुसिंहो नृपः ।।

उद्धवसिंहकै बयान पनि कविले उत्साहसाथ गरेका छन्:–

साक्षातकर्णोवतीर्णो गुणिजनहृदये कालरूपो रिपूणां ।
कामो वामोरुचित्तो हरिरवनिभुजामेव रामो नराणाम् ।।
दृप्यद्दुष्टक्षितीषद्विपकुलदलने प्रौढसिंहो नृसिंहो ।
भूमीभाग्यैकभूमिर्जगति विजयते सोद्धवो भूमिपालः ।।

९. ई. १६०५ मा कान्तिपुरका राजा शिवसिंहदेव मल्लको आज्ञाले स्वयम्भू स्तूपको जीर्णोद्धार गरिएको संस्मरणमा लेखी राखिएको शिलालेख ६ आधा जति भाग संस्कृत पद्यले र आधा जति नेवारी गद्यले भरिएको छ । यस अभिलेखका अज्ञात लेखक कविले आफ्नो काव्यात्मक प्रतिभा ठाउँ–ठाउँमा देखाएका छन् । शिवसिंहको तारीफमा

---

६ डि. र. रेग्मी, मेडीभल नेपाल, ४. पृ. ४६–५१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचिएको यो श्लोक उल्लेखनीय छः–

प्रतापैरुद्दण्डैः प्रतिहतरिपूणां युवतयो
रुदन्त्यो नीरेण प्रतिदिशमकुर्व्वन् हि सरितः ।।
त्रिलोकीविख्यातः पृथुलयशसा भीतशरणः
स नेपाले भूपो जयति गिरिराजः शिववपुः ।।

यस अभिलेखको आर्को महत्त्वपूर्ण अंश सवै मानिसहरूप्रति सद्भावना व्यक्त गर्ने निम्न वक्तव्य देखिन्छः–

एतत्पुण्यप्रभावादभिमतफलदां मेदिनीं पान्तु भूपाः ।
मेघा वर्षन्तु काले त्रिदशपुरगता. सन्तु लोकास्त्वशोकाः ।।
यावत्तिष्ठन्तु वायुक्षितिजलरविखा येखभूम्योर्हितावल्
लोका पान्तु प्रमोदाः परमगतितमां निर्वृतां मोक्षमार्गे ।।

१०. ई. १६३७ नेपालको सांस्कृतिक इतिहासमा महत्त्वपूर्ण वर्ष हो जव पाटनका राजा सिद्धिनरसिंह मल्लले पाटनमा प्रसिद्ध कृष्णमन्दिर बनाई सिद्ध्याएका थिए। सो घटनाको संस्मरण लेखिएको शिलालेख पनि पाइएको छ जसमा ३५ ललित संस्कृत पद्य लेखिएका छन्।(२) शुरूमा श्रीकृष्णको स्तुतिरूप मंगलाचरण गरेपछि हरसिंहदेवदेखि सिद्धिनरसिंह मल्लसम्मको वंशावलि, सिद्धिनरसिंहको व्यक्तित्त्व, मन्दिरको बयान र सोको थापना गर्ने ४० दिनको अवधिभरि गरिएको कोटिहोमको विवरण तथा त्यस कामका आचार्य विश्वनाथको तारीफ आदिको बयान सो ३५ श्लोकमा गरिएको छ। यस अभिलेखका सवै पद्यहरूमा लालित्य र चमत्कार छ तर सिद्धिनरसिंहको व्यक्तित्त्व फल्काउने निम्न श्लोक विशेष रूपको देखिन्छः–

प्रातिष्ठ्यं च युधिष्ठिराधिकतरं निष्ठा वशिष्ठाधिका
कीर्तिः कार्त्तिकक्रत्तिकापतिमतिस्तस्याधिका वर्त्तते ।।

(२) संस्कृत सन्देश, द्वितीय वर्ष, १-२-३ संयुक्तांक, २०११. पृ. १९-२०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणी व्याससमा रमा स्थिरतमा रामाभिरामाकृतिः
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेः किन्नाम यन्नाद्भुतम् ।।

अर्थात् 'युधिष्ठिरको भन्दा बढी प्रतिष्ठा भएका, वशिष्ठभन्दा अधिक निष्ठा भएका, चन्द्रमाको भन्दा पनि बढ्ता स्वच्छ कीर्त्ति भएका राजा सिद्धिनरसिंहमल्ल छन् । व्यासको जस्तो वाणी भएका, लक्ष्मी स्थिर भएका र सुन्दर आकृति भएका सिद्धिनरसिंहमल्लको के अद्भुत छैन ? ✻

अनुप्रास र कल्पनाको राम्रो तादात्म्य यो श्लोकमा व्यक्त भएको छ । अरू श्लोकमा पनि यस्तै ललित्य र छटा देखिन्छ जसबाट त्यस समयमा पाटनमा स्थापित विद्वत्ताबारे केही अनुमान गर्न सकिन्छ ।

× × ×

११. काठमाडौं हनुमानढोका दरबारभित्र तुलजा मन्दिरसामु रहेको प्रतापमल्लको सिंहस्तम्भलेखको पनि साहित्यिक महत्त्व देखिन्छ । ई. १६४२ को मिति रहेको यो अभिलेखमा~ जम्मा २७ श्लोक लेखिएका छन् । यी २७ श्लोकमध्ये शुरूका २श्लोकमा तुलजा देवीको स्तुति अनि ३ देखि १४ सम्म मल्लवंशावलि र १५ देखि २७ सम्म प्रतापमल्लको बयान गरिएको छ ।

विविधता यो अभिलेखको विशेषता हो । देव–स्तुति, राजवंश–स्तुति र गद्दीनशीन राजाको स्तुतिले भरिएको यो अभिलेखका श्लोकमा लेखक कविको साहित्यिक सीप स्पष्ट झल्किएको छ । कल्पनाको लालित्य र भाव–प्रौढिको दृष्टिले २१ सौं श्लोक निकै उल्लेखनीय लाग्दछः–

एतत्कीर्त्तिजिगीषुरेव रजनीनाथोऽत्र चान्द्रायणं
धत्ते पक्षयुगक्रमादिव वपुः संवर्धयञ्छातयन् ।।
स्नायं स्नायमतोऽन्तरिक्षसरिति प्राप्नोति नैतत्फलं
चिन्ताव्याकुलितो यतोऽङ्कपटान्म्लानायमानो दिवि ।।

✻ दाङनिवासी वामदेव आचार्यको अनुवाद ।
~ संस्कृत सन्देश, प्रथम वर्ष, अंक–२. पृ. १७–२१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. शूलपाणि: पाटन भण्डारखालमा रहेको ई. १६४७ को अभिलेखका तीन संस्कृत पद्य शूलपाणि भन्ने कविले राजा सिद्धिनरसिंह मल्लको आज्ञाले रचेको भनी त्यसैमा लेखिएको छ ।●

१३. प्रतापमल्ल: मल्लकालीन माक नेपालमा प्रतापमल्ल राजनीतिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा अविस्मरणीय चरित्रको रूपमा इतिहासमा अंकित भएका छन् । यिनले आफैंले संस्कृत पद्यहरू लेखी राखिएका थुप्रै शिलालेख पाइन्छन् । यिनका सबै शिलालेखका पद्यहरूको संकलन गर्ने हो भने एउटा सान्तिनो किताबै तयार हुन सक्दछ । आजसम्म प्रकाशित भएका यिनका शिलालेखहरूमा यिनले आफैंले रचेका पद्यहरूको विवरण निम्न बमोजिम छः–

पद्यको नाम र मिति	अभिलेख रहेको स्थान र सन्दर्भ
१. नारायण स्तोत्रं, ई. १६५० –	वासुकी मन्दिर पशुपति, मेने. ४. पृ. ८९–९०.
२. सर्वापराधस्तोत्रं, ई. १६५४ –	गुह्येश्वरी, संस्कृत सन्देश, १–१०. पृ. २६–३०.
३. कालिकाभुजंगदशकं, ई. १६५४ –	गुह्येश्वरी, संस्कृत सन्देश, १–१०. पृ. ३०–३१.
४. शिबरूपभीमसेनस्तोत्रं, ई. १६५५ –	भीमसेन स्थान काठमाडौं, अभिलेख संग्रह, ३. पृ. १५–१६.
५. वज्रयोगिन्याष्कामदं स्तोत्रं, ई. १६५५ –	साँखु, मेने. ४. पृ. ९१–९४.
६. जाड्यमुद्गरस्तोत्रं ई. १६५५ –	सिम्भू उग्रतारा, मेने. ४. पृ १०२-१०४
७. महेशाष्टकं, ई. १६५५ –	पशुपति, मेने. ४. पृ. ९४--९६.
८. स्वयम्भूभट्टारकस्तोत्रं, ई. १६५५ –	सिम्भू, मेने. ४. पृ. १०७–११०.
९. निजवंशावलि, ई. १६५८ –	पशुपति, मेने. ४. पृ. ११४-११९.

● डि. र. रेग्मी– मेडीभल नेपाल, ४. पृ. ८५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. सर्वमंगलाष्टकं, ई. १६६४– तलेजु, मेने. ४. पृ. १२९–१३०.
११. नृत्येश्वरदशकं, ई. १६७२– काठमाडौं, मेने. ४. पृ. १४३–१४५
१२. श्रीकालिकाभुजंगप्रयात, वेमिति– तलेजु, मेने. ४. पृ. १२५–१२६.
१३. सर्वापराधस्तोत्रं, बेमिति– मेने. ४. पृ ९७–१०१ .

यसरी प्रतापमल्लले रचेको भनिने १३ स्तोत्र र वंशावलि श्लोकहरू पाइएका छन् । उनका शिलालेखमा अरूले रचेका श्लोकसमेत गरेर प्रतापमल्लसंग सम्वद्ध भएर निकै धेरै पद्य–साहित्य हामीले पाएका छौं । यो साहित्यको विस्तृत विवरण हाल यो सीमित लेखमा दिन सकिएंन । तर उनले आफूलाई 'कवीन्द्र' वा 'कविहरूमा राजा' भन्ने जुन उपाधि लिएका थिए त्यो निकैनै सार्थक छ जस्तो लाग्दछ । समकालीन नेपालको राजनीतिमा उनको प्रभावशाली स्थान र सांस्कृतिक गतिविधिहरूमा उनको संलग्नता समेत जोडेर हेर्ने हो भने उनको 'कवीन्द्र' व्यक्तित्त्व अझ महत्त्वपूर्ण देखिन आउँछ ।

\+ \+

१४. पशुपतिमा रहेको ई. १६७९ को अभिलेखमा※ कान्तिपुरका राजा पार्थिवेन्द्रमल्लले रचेका भनिएका दुई स्तोत्र लेखिएका छन् । पहिलो स्तोत्र पशुपतिको स्तुतिरूप 'शंकरप्रामाणिकाष्टकम्' हो र आर्को उनको वंशावलि हो । काठमाण्डौंमा तलेजु मन्दिरमा रहेको ई. १६८२ को अभिलेखमा~ पनि तलेजु देवीको स्तुति रूपको 'देवी–पञ्चचामराष्टकम्' पार्थिवेन्द्रले रचेको भनी लेखिएको छ । यसैमा पछि उनैले रचेको भनिएको 'स्ववंशावली' का श्लोकहरू लेखिएका छन् ।

१५. हरिवंश शर्मा तीन मल्लकालीन अभिलेखहरूमा लेखिएका संस्कृत श्लोकका रचयिता कविका रूपमा हरिवंशको नाम नेपालको

※ मेडीभल नेपाल, ४. पृ. १८१–१८४.
~ ऐजन, पृ. १८८–१९२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यिक इतिहासमा अंकित भएको देखिन्छ। एउटा अभिलेख꙰ पाटन वंशगोपाल मन्दिरमा रहेको ई. १६८० को हो जसमा पाटनका राजा श्रीनिवासमल्लकी माहिली छोरी कीर्त्तिमङ्गला र उनका पति अमरसिंहले मिली वंशगोपाल मन्दिर बनाएको घटनाको विवरण लेखिएको छ। यसमा शुरूमा केही श्लोक रहेका छन् जुनलाई 'श्रीहरिवंशेन कृतानि पद्यानि' भनिएको छ। आर्को अभिलेख ꩜ पाटनको भीमसेन मन्दिरमा रहेको छ जसमा पाटनका राजा श्रीनिवासमल्लले भीमसेनको मन्दिरमा सुनको कलश चढाएको बयान गरिएको छ। यसमा शुरूमा लेखिएका केही श्लोकलाई 'हरिवंशेन कृताः श्लोकाः' भनिएको छ। यो अभिलेखमा ई. १६८१ को मिति लेखिएको छ। ई. १६८८ को चोभार अभिलेखमा ÷ लेखिएका शुरुका श्लोक 'श्रीहरिवंशशर्म्मणा कृताः श्लोकाः' भनी लेखिएको छ।

१६. क्रान्तिपुरका राजा पार्थिवेन्द्रमल्ल (प्रतापमल्लका छोरा) की रानी तथा राजा भूपालेन्द्रमल्लकी आमा ऋद्धिलक्ष्मीले चाँगुनारायणको मन्दिरमा सुनको तोरण चढाएको संस्मरण लेखिएको ई. १६९४ मिति भएको अभिलेखमा ※ पूर्वार्द्धमा राम्रा राम्रा १३ श्लोक लेखिएका छन्। यी १३ श्लोकमध्ये थालनीका ९ श्लोक चाँगुनारायणको स्तुतिरूपको छ र त्यसलाई 'सर्वमनोरथसिद्धिस्तोत्र' भनिएको छ। ∾ स्तुतिरूपका

꙰ अभिलेख संग्रह, भाग–६. पृ. १६

꩜ ऐजन, पृ. १८–१९.

÷ मेडीभल नेपाल, ४. पृ. १९९–२००.

※ संस्कृत सन्देश, प्रथम वर्ष, अंक ६. पृ. ३४–३६.

∾ अभिलेखमा 'श्री ३ भक्तजनोद्धारणकृतनानावतारप्रसिद्धमहिम्नो भगवतः श्री गरुडनारायणस्य सर्वमनोरथसिद्धिस्तोत्रम्' भनिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी नौ श्लोकमंध्ये सवभन्दा राम्रो त पहिल्यै श्लोक हो जसमा भगवान् विष्णुको ललित शब्दावलीमा स्तुति गरिएको छः–

वाणी यस्य किल त्रयी
त्रिभुवनं शिल्पं यदीयं पुनः
पादाङ्गुष्ठतलान्नदी त्रिपथगा
यस्याविरासीत्पुरा ॥
धत्ते यस्त्रिपुरारिसेवनवशात्
त्रित्वं त्रिधामाश्रितम् ।
त्रैगुण्यादुदितः श्रिये स भवतात्
देवस्त्रिलोकीपतिः ॥

यो अभिलेखको वा यसका पद्यहरूको महत्त्व यसकारणले पनि बढेको छ कि यसमा लेखक कविको नामोल्लेख पनि भएको छ। अभिलेख टुंगिने वेलामा नेवारी भागमा 'लिखितं राजदैवज्ञ धर्मध्वज भारोन' लेखिएको छ। अभिलेखको पूरै वक्तव्यकै लेखकका रूपमा यी धर्मध्वजको उल्लेख भए जस्तो लाग्दछ। राजदरवारका ज्योतिषीको स्तरमा रहेका व्यक्तिवाट संस्कृतमा पद्य रचना हुनु स्वाभाविकै कुरा देखिन्छ। यस अभिलेखका १३ श्लोकमा अभिव्यक्त सरल, मीठो र मधुरो भाव धर्मध्वज राम्रो कलम चलेका विद्वान्का रूपमा रहेका देखिन्छन्। साथै मल्ल राजदरबारमा विद्वनाको स्थितिवारे पनि यस सन्दर्भबाट केही झल्को पाउन सकिन्छ।

१७. पाटनका राजा श्रीनिवासमल्लकी छोरी रुद्रमतीले पाटन सौगलटोलमा श्रीकृष्णको मन्दिर बनाएको संस्मरण लेखिएको ई. १७०५ को अभिलेखको꙰ पूर्वार्द्ध भाग राम्रा संस्कृत पद्यले भरिएको छ। यसमा शुरूमा २ श्लोक श्रीकृष्णको स्तुति र पछिका अरू अरू श्लोक

꙰ मेडिभल नेपाल, ४. पृ. २४०–२४२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्रमतीका बाबु, वाजे र उनकै तारीफमा लेखिएका छन् । अज्ञात कवि-का यी श्लोकहरूमा रमणीयता नै देखिन्छ तर योगनरेन्द्रमल्लको तारीफ-मा केही चमत्कार देखिन्छः–

> यस्याश्चावरजः शशास ललिताभिख्यां पुरीं श्रीमतीं
> श्रीमद्योगनरेन्द्रनृपतिर्व्वैरीभपंचाननः ।।
> यद्दोर्द्दण्डविमुक्तवाणनिकराकान्तोत्तमाङ्गोरिपु-
> र्भेजे चाब्धिवनाद्रिगह्वरगुहां हित्वा स्वकीयां पुरीम् ।।

१८. द्राविड ब्राह्मणकुलका हरिशंकर भट्टले चापागाउँमा रहेको शिवलिंग (कापेश्वर, अभिलेखमा कापेश भनिएको छ) को मन्दिर बनाएको संस्मरण लेखिएको ई. १७०५ को अभिलेख ६ श्लोकै श्लोकले भरिएको छ । यसमा शुरूमा भगवान् शिवको स्तुति र पछि हरिशंकरका बाबु र बाजे-हरूको बयान लेखिएको छ । उक्त स्तुति श्लोक निकै राम्रो जस्तो देखिन्छ तर ठाउँ–ठाउँमा अक्षर फुटेकाले समग्र रूप पढ्न पाइँदैन । अभिलेखमा स्पष्टसंग उल्लेख नभए पनि यी श्लोक हरिशंकरले नै रचेका हुन् भन्ने अन्दाजी गर्न सकिन्छ ।

१९. पाटन क्वाबहालमा रहेको ई. १७११ को अभिलेखमा४ पूर्वार्द्ध भागमा केही श्लोक लेखिएका छन् र अभिलेखमैं चर्चिए अनुसार ती श्लोक **वज्रश्रीरत्न** भन्ने कबिले रचेको बुझिन्छ ।

२०. भक्तपुरका राजा भूपतीन्द्रमल्लले छोरा रणजित्मल्ल समेत भई तवमाधि टोल भक्तपुरमा आकाशमहाभैरवको मन्दिर बनाएको संस्मरणमा लेखिएको ई. १७१७ को अभिलेखमा❁ रहेको मंगलाचरण-को श्लोक निकै प्रभावशाली देखिन्छ । अज्ञात कविको सो श्लोक निम्न

---

६ ऐजन, पृ. २४७–४८.
४ मेडीभल नेपाल, ४. पृ. २५०–५१.
❁ मेडीभल नेपाल, ४. पृ. २६३–६४.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बमोजिम छः–

श्री आकाशमहाभैरवाय नमः ।।

संहृत्याखिलविश्वमेतदतुलं यः कालसंकीलनात्

कालः कालकलापकल्पितगुणः कालस्वरूपं विभुः ।।

संप्राप्तः कमलासनोद्धवदनप्रोद्गीर्णदर्प्पापह-

स्तालोत्कृत्यकपालपाणि ... सोऽव्यात्महाभैरवः ।।

२१. पाटनका राजा विष्णुमल्लको शंखमूलको ई. १७३२ को अभिलेख~ अज्ञात कविले आधा भाग जति संस्कृत पद्यले भरेका छन् । शुरूमा वाग्मतीको स्तुति गरेपछि भगवान् विष्णुको स्तुति लक्ष्मी र नारायणको वार्त्तालापको रूपमा गरेका छन्ः–

स्वामिन् वक्षसि किं ?

मणिर्मम रमे !

तन्मण्डले का स्थिता ?

त्वद्वक्त्रप्रतिबिम्बमिन्दुवदने वक्षःस्थिता ते प्रिया ।।

पश्य त्वं मकुरे प्रिये स्ववदनं तत्सन्निभं किं न भो !

इत्थं चाटुवचः प्रवोधितरमः पायात् स दामोदरः ।।

यही अभिलेखमा संस्कृत भागको पुछारमा विष्णुको स्तुति कविले चमत्कारी किसिमले गरेका छन्ः–

खगेन्द्रपत्रं खसमानवर्ण्णं

खगेशखेलं नखखड्गमुख्यम् ।।

खर्वावतारं सुखदादिलेखं

खिलाभिधानं प्रणमामि विष्णुम् ।।

२२. फर्पिङ शिखरनारायण मन्दिरमा रहेको ई. १७५१ को अभिलेखमा ꣸ थालनीमा केही राम्रा संस्कृत श्लोक प्रस्तुत भएका छन् ।

~ अभिलेख संग्रह, भाग–१०. पृ. १६–१८.

꣸ अभिलेख संग्रह, भाग–१०. पृ. २०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँटनका राजा राज्यप्रकाश मल्लको यो अभिलेखको यी मंगलाचरण श्लोक निक्कै रणमीय लाग्दछन् भावनाको गाम्भीर्य, अनुप्रासको सुष्ठु प्रयोग र छन्दको लालित्यको दृष्टिलेः–

श्रीशिखरनारायणाय नमः ।।
श्रुतिमुद्धरते जगतीमवते धरणीधरते रमणीयगते ।
दितिजक्षयमातनुते ननु ते खलवाहुजनाशकृते वलते ।।
दशमौलिकखन्डनमाचरते वलदेव मुदा करुणामयते-
तिवितण्डमतं मथते भवते नरसिंह दयानदतेस्तु नमः ।।
प्रणमज्जनमङ्गलदायकता भुवने सघने हि वने ।
वितता भवतो नरसिंह नृके शमिता दुरिते भवपापचये निरता ।।
हरितो हरितो भवतो भवतोनुसरन्ति जना दितिजावनताः ।
... ...भयतो भयतो सुरवैरभुजो वनिताः ।।

अज्ञात कविका यी २ श्लोक निश्चयनै उच्चकोटिका छन् भन्ने आस्वादक पाठकलाई अनुभव हुन्छ ।

×

प्रस्तुत लेखमा ई. १३७४ देखि ई. १७५१ सम्मका करिब चार शताब्दी जतिको अवधिमा माऊ नेपालमा मल्ल राज्यहरूमा रहेको विद्वत्ताको एक पक्षबारे छोटकरी विचार गरिएको छ । विद्वत्ताका सबै पक्षहरूको चियोचर्चा गर्ने हो भने यो माऊ नेपाल क्षेत्रको निकै महत्त्व-पूर्ण इतिहास बनेको अन्दाजी गर्न सकिन्छ जसको एक पक्षको यहाँ चर्चा परेको छ । यस तथ्यलाई पश्चिमी नेपालका तत्कालीन अनेकराज्य र नेपालका अन्य क्षेत्रमा भएका बौद्धिक गतिविधिहरूको पक्ष समेत जोडेर हेरेमा अझ राम्रो चित्र स्पष्ट हुने विश्वास गर्न सकिन्छ ।

:士

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन

खण्ड–७

सर्वेक्षणको क्रममा

भक्तपुर, पनौती र खोपासी

इतिहास अध्ययनको क्रममा सं· २०२१ तिरदेखि आफ्नो गतिले भ्याएका उपत्यका नजीकका क्षेत्रमा सर्वेक्षणको काम गर्न थालिएको थियो। बीचमा अध्ययनार्थं विदेशमा वस्नु पर्दा यो क्रम टुट्न गयो। पछि फेरि यो काम चिप्लेकिराको गतिलेनै भए पनि थालियो।

इतिहासलाई व्यापक दृष्टिले लिनुपर्ने आवश्यकताको अनुभव गरी यस्तो सर्वेक्षणको काम गर्दा निम्न तथ्यहरूलाई ध्यानमा राख्ने गरियो:–

क. जातीय अध्ययन तथा त्यसका विवरण

ख. जनजीवनको स्थिति

ग. जनहरूको जीवन र गतिविधि सम्बन्धी विवरण संकलन

घ. आर्थिक स्थिति र गतिविधि

ङ. बौद्धिक गतिविधि

च. पुरातात्त्विक सामग्रीहरू

छ. सांस्कृतिक गतिविधि, लोकगीत, नाच आदि

ज. भौगोलिक विवरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ. प्रशासनको स्थानीय सन्दर्भ तथा पञ्चायतको गतिविधिको स्थिति आदि ।

उद्देश्य विस्तृत र विशाल भए पनि आफ्नो सामर्थ्यको सीमाको कारणले समग्र अध्ययन हुन नसके पनि आफ्ना कापीका पानामा टिपोट-को रूपमा केही सामग्रीको संकलन हुन गयो । तर त्यस्ता सामग्रीको सदुपयोग प्रकाशनको रूपमा सम्भव भएन आफ्नै सामर्थ्यको सीमाले, तैपनि यस्ता अध्ययन–भ्रमणले आफ्नो दृष्टिकोणमा निक्कै फरक ल्याउने काम गऱ्यो भन्ने स्वीकार गर्नु आवश्यक छ ।

भक्तपुर

अघि धेरैपल्ट भक्तपुरको भ्रमण गरिएको थियो र मोटामोटी मूलबाटो मात्रै हिंडी केही प्रसिद्ध मन्दिरहरूको दर्शन गर्ने मात्र गरिन्थ्यो । मनमा धेरै थरीका उद्देश्य रहे पनि केही काम हुन सकेको थिएन । यसपाली कार्त्तिक महिनामा **श्रीविनोदकुमार देवकोटा**को माध्यमबाट इतिहासको अध्ययनमा रुचि राख्नु हुने भक्तपुरकै बासिन्दा **श्रीसत्यनारायण प्रजापति**सँग परिचय हुन गयो ।

नेपालको बौद्धिक वा विद्वत्ताको परम्परा र त्यसको ऐतिहासिक क्रमबारे अध्ययन हुनु जरूरी देखिएकोले सो उद्देश्य पूरा गर्ने क्रममा **श्री-सत्यनारायण प्रजापति**सँग छलफल गर्दा केही प्रसिद्ध महानुभावहरूसँग भेटी कुराकानी गर्ने अवसर पाइयो । यस सन्दर्भमा **श्रीकेदारराज राजो-पाध्याय, श्रीरमापतिराज शर्मा** र **श्रीकृष्णप्रसाद श्रेष्ठ**सँग परिचय भई ऐतिहासिक–सांस्कृतिक अध्ययनमा सहयोग गर्नको लागि अनुरोध गरियो । उहाँहरूले यथावसर र यथासम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ । मेरो ऐतिहासिक अध्ययनको क्रममा **श्रीसत्यनारायण प्रजापति**ले जसरी सहयोगात्मक भावना देखाउनुभएको छ त्यो, ज्यादै घत लाग्दो लागेको छ मेरो मनमा । सहयोगबाट केही उपलब्धि भएमा यथावसर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठकसामु प्रस्तुत गरिने छ ।

पनौती

के प्राच्य संस्कृति (खास गरेर नेपाल र भारत आदि) विकसित स्थितिवाट क्रमशः ऱ्हासोन्मुख छ ? भन्ने प्रश्न भक्तपुरका भव्य ऐतिहासिक स्मारकहरू हेरेर त्यसको वर्तमान स्थितिसँग तुलना गरेर हेर्दा हामीमा उब्जन सक्दछ । सकारात्मक नकारात्मक दुवै किसिमका तथ्य यस सन्दर्भमा उठ्न आउन सक्दछन् । तर भक्तपुरमा रहेका भव्य प्राचीन स्मारकहरूको जीर्णोद्धारसम्म पनि हामी गर्न सक्दैनौं भन्ने कुराको सन्दर्भ यहाँ उल्लेखनीय लाग्दछ । तैं तैं भक्तपुरमा त हाल जीर्णोद्धारका काम् जोडसाथ चलेको छ जसको पद्धतिमा बरु पुरातत्त्वविद्ले केही मन गह्रुंगो पार्नु पर्ने स्थिति आइपुगेको हुन सक्दछ । तर पनौतीको इन्द्रेश्वर मन्दिरको भव्य काष्ठकलाको गाइजात्रा देखेर शिक्षित–अशिक्षित सबैलाई खल्लो लाग्न सक्दछ । यहाँको काष्ठकलाको विस्तृत र सचित्र अध्ययन पनि हुनु आवश्यक छ ।

भौगोलिक कारणले राजधानी क्षेत्र उपत्यकाको वाहिर रहेको पनौतीमा जति पुरातात्त्विक सामग्री देखिन्छन् त्यसैले यस ठाउँको पुरानो संस्कृतिको इतिहास स्पष्ट पारेको देखिन्छ ।

हालै कात्तिक महिनामा खोपासीको भ्रमणमा जाँदा पनौतीको संक्षिप्त परिचय गर्ने सौभाग्य पाइयो । यो भ्रमणमा श्रीविनोदकुमार देवकोटा, श्रीध्रुवबहादुर प्रधान र प्रस्तुत लेखक गएका थियौं । पनौती-भएर खोपासी जानु पर्ने मूल वाटो रहेकोले पनौती हेर्ने हाम्रो रहर यसै पुग्ने भयो । यो ठाउँ घुम्दा श्रीविनोदका मित्र श्रीहरिकृष्ण संजुले कृपा गरी हामीलाई आफ्नो अमूल्य समय दिनुभयो । आफ्नो इतिहास र संस्कृतिपट्टि कसको प्रेम हुँदैन भन्ने कुरा श्रीसंजुको मैत्रीपूर्ण हार्दिक व्यवहारले स्पष्ट पारिदियो । इन्द्रेश्वर मन्दिरका जंगम पुजारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र उहाँका छोराले पनि बडो रुचिसाथ हामीलाई मन्दिरको सेरोफेरोको दर्शन गराउनुभएकोमा उहाँहरूप्रति आभार व्यक्त गरिन्छ। पनौतीको सांस्कृतिक सम्पत्तिको दर्शन मात्रै गरेर भए पनि कृतकृत्य भयौं हामी।

खोपासी

कैयन् वर्षदेखि शिवदेव र अंशुवर्मन्को शिलालेख पाइएको स्थलको रूपमा खोपासीको नाम कण्ठस्थै थियो। खोपासीकै बासिन्दा श्रीरामकाजी पौंजुसँग ४–५ वर्षदेखि परिचय हुँदा शुरूमैं खोपासी जाने इच्छा व्यक्त गरेको थिएँ। तर संजोग चाहिं यसपालि पऱ्यो। बडो उत्साहसाथ सपरिवार उहाँले हाम्रो टीमको स्वागत गर्नुभयो आफ्नो घरमा। उहाँको यो हार्दिक र उत्साहप्रद व्यवहारले हामीलाई निकै आभारी बनायो।

खोपासी ई. ६०४ मा एउटा राम्रो बस्ती भएको 'ग्राम' को रूपमा थियो भन्ने तथ्य शिवदेव र अंशुवर्मन्को यहाँ रहेको शिलालेखले प्रमाणित गरेकै छ। सो अभिलेखमा गाउँको नाउँ 'कूर्प्पासी' लेखिएकोमा सोकै फेरिएको आजको नाउँ 'खोपासी' हो भन्ने स्पष्ट छ।

खोपासीमा प्रसिद्ध स्थल केही छैन रेशम खेतीको अनुसन्धान केन्द्र र विद्युत् उत्पादन घर बाहेक। श्री ५ को सरकारको कृषि विभाग अन्तर्गतको यो रेशम र माहुरीसम्बन्धी अनुसन्धानको यो केन्द्र १५० रोपनीको क्षेत्र घेरेर अवस्थित रहेको थाहापाइयो। हामी यस केन्द्रमा हेर्न जाँदा शनिवार परेकोले यसका मुख्य श्रीगोपाल प्रसाद काफ्लेसँग भेट हुन पाएन। तर प्राविधिक सहायक श्रीपुण्यप्रसाद दाहालले आफ्नो अमूल्य समय दिनुभई हामीलाई केन्द्रको विस्तृत परिचय दिनुभयो। उहाँले यस केन्द्रका कामबारे विस्तृत अध्ययन गरी लामो लेख पनि लेख्नुभएको रहेछ। उहाँको भनाईमा यो केन्द्रको भविष्य उज्ज्वल छ। हामीलाई पनि लाग्यो श्रीदाहाल जस्ता उद्देश्यमा समर्पित व्यक्ति भइदिए र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केन्द्रको महत्त्व बुझी चारैतिरबाट आवश्यक ध्यान दिइएमा त्यस्तै होला भन्ने विश्वास गर्न सकिन्छ ।

'पनौती जलविद्युत् योजना' खोपासीभेकको आँखो भई रहेको छ । सोभियत रूसको सहयोगको यो नमूनाले यो भेकलाई प्रकाश दिइ-रहेको छ । यसै कारणले हामीले यो ग्रामीण क्षेत्रमा पनि शहरकै सरह बिजुलीको प्रकाशको उपयोग गऱ्यौं । ४८ जना जति ,कर्मचारीहरूद्वारा सञ्चालित यो योजनाका इञ्जीनियर हाल श्रीघनश्याम दैवज्ञ हुनुहुँदो रहेछ ।

स्व. श्रीनरबहादुर भारतीको गाउँ

सं. २०१६ मा 'श्री ५ इन्द्रराज्यलक्ष्मी पुरस्कार' पाउने बहुमुखी प्रतिभाका धनी श्रीनरबहादुर भारतीको पुर्ख्यौंली थलो पनि खोपासीनै रहेछ । नरसिंह मठ रहेछ उहाँको खोपासीको घर । उहाँ २०२३ मा स्वर्गीय हुनुभयो । उहाँका सामग्रीहरू यहीं सुरक्षित छन् भन्ने सुनियो । यहाँको पञ्चायत भवनमा उहाँको ठूलो चित्र सम्मानसाथ राखिएको देखियो ।

द्रौपदीको मन्दिर

द्रौपदी, अर्थात् महाभारत काण्डकी द्रौपदीको मन्दिर यहाँ खोपासीमा रहेछ । द्रौपदीको मन्दिर अन्त कतै रहेको सुनिएको थिएन । मन्दिर भनेर कलात्मक मन्दिर त छैन, 'स्थान' छ जसमा ५० वर्ष जति अघि थापिएको द्रौपदीको मूर्ति थापिएको छ जो सानो छ । सो मूर्त्तिको पछाडिपट्टि रहेको ढुंगालाई त्यसअघि द्रौपदी मानी पूजा गरिन्थ्यो रे । सं. १९६४ को यहाँ रहेको लेखमा 'श्रीमाई' भनी द्रौपदीलाई भनिएको छ । पञ्च पाण्डवहरूको गुप्तवास सम्बन्धी आख्यान पनि यहाँ प्रचलित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छविकालीन सामग्री

खोपासीमा श्रीगोपालप्रसाद गुरागाईंको वासस्थल लिच्छविकालीन सामग्रीहरूको थलो रहेको देखियो। उहाँ पण्डितजीले भन्नुभए अनुसार उहाँको बारीमा खन्दा कुवा फेला पर्‍यो र जसको सफाई गर्दा माटाको घैंटो र केही पैसा पाउनु भएको थियो। मानाङ्क वा मानदेव प्रथमले चलाएको पैसा, अरू केही तामाका पैसा र माटाको लिच्छविकालीन छाप लागेको एक पाथी जति जाने सग्लो घैंटो त हामीलेनै हेर्‍यौं। लिच्छवि लिपिमा 'विद्या' लेखिएको सुनको सानो पातलो टुक्रा पनि उहाँसँग रहेछ।

गाउँ पञ्चायत

२६ सालदेखि आदर्श गाउँ पञ्चायत भएको यो खोपासी गा. पं. हाल ४ हजार जनसंख्या र ७२५ धुरी भएको बस्तीको रूपमा रहेको छ। यस पञ्चायतका प्रधान पञ्च **श्रीनारायणदास उलक** बडा उत्साही र लगनशील पञ्चको रूपमा देखिनु भयो। गा. पं. कार्यालयलाई उहाँले विधिवत् 'समीक्षालय' बनाउनु भएको रहेछ पञ्चायतक्षेत्र सम्बन्धी यावत् तथ्याङ्कको तालिका बनाएर। उहाँले आजसम्म विभिन्न क्षेत्रमा थुप्रै सामाजिक काम गरिसक्नुभएको रहेछ जसको स्पष्ट छाप उहाँको व्यक्तित्त्वमा देखिन्छ। उहाँले दिनुभएको सूचना खोपासीकै **श्रीपूर्णप्रसाद सत्याल** र **श्रीभैरवलाल श्रेष्ठ**को सहयोगबाट यो गा. पं. सम्बन्धी जुन विवरण पाइयो सो तल उद्धृत छ।

तालिका—१

वार्ड नं. र नाम	धुरी संख्या	वडा अध्यक्ष
१. खोपासी बजार	१४३	प्र. पं. श्री नारायणदास उलक
२. भण्डारी गाउँ	६४	श्री परशुराम भण्डारी
३. पाटीखर्क, पाङ्टोल, सत्याल गाउँ	९६	श्रीरामचन्द्र भारती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. न्यौपाने	८५	श्रीकान्छामान तामाङ
५ ब्याकु	१०६	उ. प्र. श्रीटीकाबहादुर थापा
६. डाँडागाउँ	४१	श्रीथलवलसिंह तामाङ
७. कोल भञ्ज्याङ	५२	श्रीधनबहादुर के. सी.
८. बल्थली	६६	श्रीनारायणबहादुर थापा
९. बल्थली	७२	श्रीदुर्गाप्रसाद आचार्य

तालिका–२

यस गा. पं. का सबै ४५ जना पञ्चहरूको नामावलि निम्न बमोजिम छः–

वार्ड नं. १ श्री नारायणदास उलक
,, देवदत्त गुरागाई
,, श्यामभक्त गोक्षे
,, चतुरमान बुद्धाचार्य
,, बलराम कोईराला

वार्ड नं. २ श्री परशुराम भण्डारी
,, केदार बहादुर भण्डारी
,, विनोद कुमार साप्कोटा
,, तिलनाथ गिरी
,, शिव प्रसाद कोईराला

वार्ड नं. ३ श्री रामचन्द्र भारती
,, ऋषिकेश सत्याल
,, पृथ्वीमान पौंजू
,, शेष रमण गुरागाईं
,, फूल बहादुर हरिशरण

वार्ड नं. ४ श्री कान्छामान तामाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

,, नरवीर तमाङ

,, रनध्वज तमाङ

,, सानु कान्छा तमाङ

,, हिरालाल तमाङ

वार्ड नं. ५ श्री टीका बहादुर थापा

,, चित्र बहादुर थापा

,, नर बहादुर थापा

,, कृष्ण बहादुर के. सी.

,, नारायण बहादुर के. सी.

वार्ड नं. ६ श्री थलबल सिं तमाङ

,, भक्त बहादुर तमाङ

,, आर्दत सिं तमाङ

,, मान सिं लामा

,, शेर बहादुर तमाङ

वार्ड नं. ७ श्री धन बहादुर के. सी.

,, गोविन्द प्रसाद हुमागाईं

,, रूप बहादुर थापा

,, जित बहादुर सिं तमाङ

,, केदार प्रसाद हुमागाईं

वार्ड नं. ८ श्री नारायण बहादुर थापा

,, रामचन्द्र थापा

,, दल सुर थापा

,, प्रेम बहादुर तमाङ

,, रत्न बहादुर गिरी

वार्ड नं. ९ श्री दुर्गा प्रसाद आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

,, मित्र प्रसाद पौड्याल

,, विष्णु बहादुर के. सी.

,, विक्रम प्रसाद आचार्य

,, गरुड बहादुर दरलामी मगर

तालिका–३

१. प्राथमिक विद्यालय–	४
२. नि. मा. विद्यालय–	२
३. माध्यमिक विद्यालय–	१
४. माध्यमिक शिक्षा उत्तीर्णको संख्या–	६१
५. स्नातक–	६
६. नोकरीमा लागेका व्यक्ति–	२०७
७. काम गर्न नसक्ने–	२६५
८. पसलको संख्या–	३०
९. देवालय–	३७
१०. यात्रा मेला–	४
११ पाटीपौवा–	२२
१२. घट्ट–	२७

खोपासी सम्वन्धी अन्य विवरण माथि प्रस्तुत गरियो ।

प्राकृतिक सौन्दर्यले परिपूर्ण यो ठाउँको यात्रा संस्मरणीय हुन आयो हामीलाई । श्री रामकाजी पौंजु र अन्य स्थानीय व्यक्तिहरूको सहयोगात्मक भावना आदिले गर्दा । पाठक समक्ष यो गाउँको संक्षिप्त परिचय प्रस्तुत गर्ने अवसर पाएकोमा आफैंलाई धन्य सम्फिन पुगिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन

खण्ड-८

विशेष

तुलनात्मक नेपाल

हामी नेपलीहरूका मनमा आफ्नो देश अरू देशको तुलनामा कत्रो छ भन्ने जान्न र त्यसैको आधारमा अन्य पक्षहरूको तुलना गर्ने इच्छा जाग्ने गर्दछ । एक जना भूगोलविद्का अनुग्रहले यस्ता दुई तालिका हामीले जान्न पाएका छौं ξ । सो तालिका तल उद्धृत गरिन्छः–

तालिका–१

नेपाल तलका १० देशभन्दा कति कति गुना ठूलो

देशको नाम	त्यसभन्दा नेपाल कति गुना ठूलो छ
१. पोर्चुगाल	१.५
२. आयर	२
३. श्रीलंका	२
४. डेनमार्क	३
५. स्वीजरल्याण्ड	३½
६. बेल्जियम	४
७. हलैण्ड	४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८.	ताइवान	४
९.	इजरायल	७
१०.	लेवनान	१४

तालिका–२

कुन देशभन्दा नेपाल कति गुना सानो छ

	देशको नाम	नेपालभन्दा कति गुना ठूलो
१.	रूस	१६०
२.	चीन	७०
३.	क्यानाडा	७०
४.	स. रा. अमेरिका	६७
५.	ब्राजिल	६१
६.	अष्ट्रेलिया	५५
७.	भारत	२३
८.	अर्जेण्टिना	२०
९.	इण्डोनेशिया	१३
१०.	इजिप्ट	७

६ R. P. Sharma–Nepal, A Detailed Geographical Account, Pustak Samsar, 2031. p. 2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायनबारे अध्येता र चिन्तकका मन्तव्य

★ श्रीविनोदकुमार देवकोटा

★ श्रीरामकाजी पौंजु

[१]

मलाई लागेका कुरा

'नेपालायन' लाई प्रकाशनमा ल्याएर डा० जगदीश चन्द्र रेग्मीले एउटा नौलो प्रयोग शुरू गर्नु भएको छ । विविध विषयमा एकै साथ सरल ढंगले गहन विचार पोख्न सक्नु विद्वान् लेखकको बहुमूखी प्रतिभाको परिचायक मात्र सकिन्छ । यति सानो पुस्तक भित्र पनि एउटा सानो नेपालनै अटाए कैं लाग्छ । उहांले यसमा नेपालका जाति, भाषा, धर्म, संस्कृति, इतिहास, साहित्य, राजनीति तथा ऐतिहासिक सर्वेक्षणका अति महत्त्वपूर्ण पक्षलाई प्रष्ट रूपमा उद्घाटन गर्नु भएको छ । यी सामग्रीहरू विभिन्न वर्गका पाठकहरूको अभिरुचिको विषय हुन सक्ने कुरा स्वतः सिद्ध छ । पूर्व नेपालको संस्कृतिका झिल्काहरू अन्तर्गत लिम्बु र किरात जातिको जातीय इतिहास तथा सिम्रौनगढको इतिहास संक्षिप्त भएर पनि निकै महत्त्वका र सुरूचिपूर्ण छन् । रेग्मीज्यूले वर्तमान इतिहास (Current History) जस्तो नयां शैलीको थालनी गरेर इतिहास लेखनमा एउटा नौलो परिपाटी भित्र्याउनु भएको छ जसबाट इतिहासका सही कुरा जन समक्ष प्रस्तुत हुन सक्ने बढी सम्भावना देखिन्छ । जे जस्तो परिस्थितिमा यसको प्रकाशन हुन सकेको छ त्यसको सराहना गर्नै पर्छ । कतिपय अभाव र प्रतिकूल परिस्थितिसंग कुस्ती खेल्दै सीमित साधनको उपयोगबाट देश र जनताको सेवामा आफूलाई अर्पण गर्न चाहने रेग्मीज्यूको सत्प्रयासको पूर्ण सफलताको कामना गर्दै बुद्धिजीवी वर्गबाट 'नेपालायन' को यथायोग्य मूल्यांकन र कदर हुने आशा राख्दछु ।

२३ पुष, २०३४ — विनोदकुमार देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२]

शुभकामना

"नेपालायन" मा एकछिन बिताउने सौभाग्य प्राप्त भयो । यो सानो पुस्तकमा नेपालको विषयमा धेरै कुरा जान्न सकिने गरी विषय-वस्तु प्रस्तुत भएको छ । विद्वान् इतिहासकार डा० जगदीश चन्द्र रेग्मी-ज्यूले सामान्य जनतामा देखिने इतिहास प्रतिको टर्रो भावनालाई गुलीयो-तिर डोऱ्याउने जुन प्रयास गर्नु भएको छ त्यो प्रशंसनीय छ । इतिहास रमाइलो भएर पनि साधारणतया टर्रो महसूस परिन्छ । इतिहास बितेका कुरा मात्र हुन् भन्ने पुरानो विचारधारारालाई रेग्मीज्यूको यस-पुस्तकले हाँक दिएको छ । इतिहास वर्तमान पनि हुन्छ, वर्तमानमा इमान्दार कलमले लेखिएका घटना भविष्यको लागि ऐना हुने छ भन्ने रेग्मीज्यूको मनसाय देखिन्छ । यस बास्तविक कुरामा पाठक वर्ग सहमत हुने कुरामा शायद दुईमत नहोला । अन्त्यमा रेग्मीज्यूको उत्तरोत्तर सफलताको हार्दिक कामना गर्दछु ।

मिति २०३४।९।२५

—रामकाजी पौंजु
द्योपासी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रबुद्ध पाठकवर्गसित

नेपालायनले नेपाल सम्बन्धी अध्ययनमा विशेष जोड दिन खोजेको छ । यो कार्यक्रमलाई सफल पार्न प्रबुद्ध पाठक वर्गको सहयोग कति आवश्यक छ स्वयं स्पष्ट छ । यो कार्यक्रममा पाटकहरू निम्न किसिमबाट सहयोग गर्न सक्नु हुन्छ ।

१. नेपालायनमा प्रकाशित विषयको आलोचना, समालोचना वा प्रतिक्रिया लेखी पठाउने । यसबाट नेपालायनको लेखवलाई मार्गनिर्देशन हुने छ । यरतो प्रतिक्रियाको सक्षिप्त वा सार अंश प्रस्तुत कर्त्ताको नाम र ठेगाना समेत नेपालानयको क्रमागत भागमा प्रकाशित गरिने छ ।

२. नेपाल सम्बन्धी अध्ययनमा रुचि भएका पाठकले सोही सम्वन्धमा केही अज्ञात र उल्लेखनीय तथ्यवारे छोटकरी लेख पठाउनु भए नेपालायनमा प्रकाशित गरिने छ । त्यस्तो स्वीकृत र प्रकाशित रचनाको केही पारिश्रमिक पनि दिन सकिने छ ।

३. तपाईंको आपनो कुलमा भएका विशिष्ट खालका पुरुपको जीवनी तथा तिनको समाज र देशप्रतिको देनवारे छोटकरी परिचय प्रामाणिकताकासाथ लेखी पठाउनु भएमा सोको प्रकाशन नेपालायनमा गरिने छ । यस्तो लेख प्रकाशन योग्य भएमा र प्रकाशित भएमा उपयुक्त केही पारिश्रमिक टक्र्याइने छ ।

४. हाम्रो देशको लागि आज केको आवश्यकता छ यसबारे तपाईंको आफ्नो विचार पठाउनु होस् । स्तरपूर्ण र तथ्ययुक्त लेख वा लेखको आवश्यक अंश नेपालायनमा प्रकाशित गरिने छ ।

सम्पर्क स्थान

नेपालायन २०।४०१ नक्साल काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ःमीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल–एण्टीक्वेरी

नेपाल सम्बन्धी विविध सामग्रीको संकलनको रूप
देखि यो नेपाल एण्टीक्वेरी लेख (संग्रह) मालाको प्रका
छ । तर प्रचारकार्यको अभावमा सीमित संख्यामा मात्र
हुनाले सो लेखमालाको मूल्य बढी हुनु स्वाभाविक हुन
तैपनि यस क्षेत्रमा रुचि राख्नु हुने विद्वद्वर्ग स
निवेदन प्रस्तुत गरिन्छ । सो लेखमाला चाहने महानुभा
आफ्नो आज्ञापत्र निम्न ठेगानामा पठाउनु भए प्रकाशि
बेलामा हामी आफैं सम्पर्क राख्नेछौं ।

अफिस अफ नेपाल एण्टीक्वे
२०/४०१ नक्साल
डौं

इति
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu